# इन्सेक बुलेटिन

इन्सेक INSEC

वर्ष १ अङ्क ६ फागुन २०७८





यसभित्र ....


**प्रदेश १**
- वार्षिक सम्पादन भेला सम्पन्न/३
- आवास अधिकारका सवालमा सरोकारवालाबिच अन्तरक्रिया/३
- मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा जिल्ला प्रतिनिधिसँग अन्तरक्रिया/४

**प्रदेश २**
- राष्ट्रिय सभा निर्वाचन इन्सेक मधेश प्रदेशद्वारा अनुगमन/५
- स्वास्थ्य अधिकारसम्बन्धी अन्तरक्रिया सम्पन्न/५
- कार्यक्रम सञ्चालन गर्न बाल अधिकार चेतना समूहलाई रकम हस्तान्तरण/६
- प्रदेश २ को मानव अधिकार अवस्था विषयक छलफल कार्यक्रम/६
- मानव अधिकार रक्षकहरूको अवस्था र सुरक्षा सवाल विषयक छलफल कार्यक्रम सम्पन्न/७
- नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ को वार्षिक सम्पादन भेला प्रदेश २ मा सम्पन्न/७
- मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा जिल्ला प्रतिनिधिसँग अन्तरक्रिया/८

**बागमती प्रदेश**
- महिलामाथि हुने हिंसाविरुद्ध स्थानीय सरकार र महिलाबीच सम्वाद कार्यक्रम सम्पन्न/९
- इन्सेक प्रतिनिधिको पहलमा बालबालिकालाई विद्यालय पोशाक वितरण /१०
- मानव अधिकारको अवस्थाबारे जिल्ला प्रतिनिधिसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न/१०
- प्राकृतिक विपत् तथा महामारीमा राष्ट्रिय मानव अधिकार संस्थाहरू तथा नागरिक समाजको भूमिका र चुनौती विषयक कार्यशाला सम्पन्न/११

**गण्डकी प्रदेश**
- मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा जिल्ला प्रतिनिधिसँग अन्तरक्रिया/१३
- मानव अधिकार रक्षकहरुको अवस्था र सुरक्षा सवाल विषयक अन्तरक्रिया सम्पन्न/१३
- जनताका अधिकार प्रत्याभुत गराउन सरकार प्रतिबद्ध छः मन्त्री श्रेष्ठ/१४
- कानुनी सिमा भित्र रहेर पुरा गर्नुपर्ने दायित्व पुरा गर्न राज्य प्रतिबद्ध छ : प्रमुख जिल्ला अधिकारी आचार्य/१४
- वार्षिक समीक्षा बैठक सम्पन्न/१५
- स्वास्थ्य अधिकारसम्बन्धी सरोकारवालाबिच अन्तरक्रिया सम्पन्न/१५

**लुम्बिनी प्रदेश**
- आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी स्थलगत अनुगमन/१६
- लुम्बिनी प्रदेशमा नेपाल मानव अधिकार वर्ष पुस्तक सम्पादन भेला सम्पन्न/१७

**कर्णाली प्रदेश**
- सार्वजनिक सरोकारको विषयमा प्रदेश सरकारविरुद्ध उच्च अदालतमा रिट दायर/१७
- नगरस्तरिय मानव अधिकार रक्षक सञ्जाल गठन/१७
- शान्ति तथा पुनर्स्थापना केन्द्र स्थापना गर्न बनेको विधेयकमाथि समीक्षा सम्पन्न/१८
- शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकारका सवालमा अन्तरक्रिया सम्पन्न/१९
- वार्षिक सम्पादन भेला सम्पन्न/२०
- मानव अधिकार रक्षकको क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न/२१
- जनचाहना अनुरूप कानुन बनाइनु पर्छ-मुख्यमन्त्री शाही २१

**सुदूरपश्चिम प्रदेश**
- शिक्षा र स्वास्थ्यको अधिकारसम्बन्धी अन्तरक्रिया सम्पन्न/२२
- वार्षिक सम्पादन भेला सम्पन्न/२२
- मानव अधिकारको अवस्था तथा न्याय सम्पादनमा सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया सम्पन्न/२३
- मानव अधिकार रक्षकसम्बन्धी नमुना विधेयकमा छलफल सम्पन्न/२४
- महामारी र विपद्मा राष्ट्रिय मानव अधिकार संस्थाहरु तथा नागरिक समाजको भुमिका विषयक अन्तरक्रिया सम्पन्न/२५
- कानुन निर्माण गर्दा नागरिक समाजसँग समन्वय गर्न प्रतिवद्ध छौं: मन्त्री जोशी/२५
- हिंसा पीडित महिलालाई इन्सेकद्वारा सहयोग प्रदान/२६


## महामारी र विपत्को समयमा नागरिक संस्थाले अपनाउनुपर्ने रणनीति र कार्यशैली विषयक छलफल

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा महामारी र विपद् को समयमा नागरिक संस्थाले प्रभावकारी रुपमा कार्य गर्न अपनाउनु पर्ने रणनीति र कार्यशैली विषयक छलफल ०७८ पुस १५ गते ललितपुरमा सम्पन्न भएको छ । कार्यक्रममा इन्सेकका अध्यक्ष डाक्टर इन्दिरा श्रेष्ठले सरकारका राम्रा काममा साझेदारी, समुदायको हितमा पहरेदारी र सरकारका गलत काममा नागरिक संस्थाले खबरदारी गर्ने बताउनु भयो । कोभिड-१९ महामारीका कारण बन्दाबन्दीको समयमा घरेलु हिंसाका घटनाका पीडितलाई न्याय दिन नागरिक संस्थाले सहजीकरण गरेका उदाहरण प्रस्तुत गर्नुभयो ।

यसैगरी इन्सेकका कार्यकरी निर्देशक विजयराज गौतमले इन्सेकले आफ्नो स्थापनाकाल देखि नै मानव अधिकार संरक्षण र सम्वर्धनमा काम गरेको र पछिल्लो समय नागरिक संस्थाहरूलाई स्रोतको सिमितता बढ्दै आएको बताउनु भयो । उहाँले इन्सेक नागरिक अधिकारका लागि सधैं सबै किसिमका सहयोग र सहकार्यका लागि तत्पर रहेकोमा जोड दिनुभयो । कार्यक्रममा अधिकारकर्मी उत्तम उप्रेतीले महामारी र विपत्को समयमा नागरिक संस्थाले प्रभावकारी रूपमा कार्य गर्न अपनाउनुपर्ने रणनीति



र कार्यशैली विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यपत्रमा प्राकृतिक तथा मानव सिर्जित दुवै प्रकारका विपद् तथा मानवीय सहयोग आवश्यक पर्ने अवस्थाहरूमा काम गर्नु पर्नेमा जोड दिइएको छ । जब-जब आपत आईपर्छ, तब-तब त्यस विपद् बाट प्रभावित स्थानहरूमा परिवार तथा बालबालिकाहरूको जीवन रक्षाका लागि नागरिक संस्थाहरू तत्पर रहन्छन् । बाढि, पहिरो तथा भूकम्प जस्ता प्राकृतिक प्रकोपहरूबाट नेपाल उच्च जोखिममा छ । सन् २०१९ को अन्त्यदेखि विश्वभर फैलिएको कोभिड-१९ महामारीको समयमा पनि समुदायको जीवन रक्षका लागि सरकारभन्दा नागरिक संसथाहरूले नै पहिले पुगेर सेवा गर्दै आएको कार्यपत्रमा उल्लेख छ । भूकम्प तथा मिश्रित विपत्तिहरूको जोखिमका सन्दर्भमा नेपाल क्रमशः ११ औं र १६ औं स्थानमा रहेको छ । भारतीय र युरोसियन जमीन एक-आपसमा ठोक्किएको भूभाग माथि नेपाल अवस्थित छ, जसको कारण यहाँ ठूला भूकम्पहरू बारम्बार गइरहन्छन् ।

यसैगरी कार्यक्रममा महामारी र विपद्को समयमा स्वास्थ्य, शिक्षा, आर्थिक र प्रविधिको आवश्यकता पर्ने उल्लेअख गर्दै राजनीतिक, प्रशासनिक निर्णय कानूनका आधारमा भएको वा नभएको बारे नागरिक संस्थाहरूले अनुगमन गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो । कोभिड-१९ महामारीका कारण लकडाउनका समयमा घरेलु हिंसाका घटना बढेको, क्वारेन्टीन र होल्डिङ सेन्टरहरूमा लैङ्गिक हिंसाका घटना भएको अवस्थामा नागरिक संस्थाको पहलमा पीडितमैत्री वातावरण बनाउन र पीडितलाई न्याय दिलाउन पहल भएको स्मरण गरिएको थियो । कार्यक्रममा गैरसरकारी संस्था महासङ्घका उपाध्यक्ष भावना भट्टले नागरिक संस्थाको स्थपना मानव अधिकारको विश्वव्यापी घोषणापत्र अनुसार भएको उल्लेख गर्दै राज्यका नीति र सरकारका कामकारबाहीका बीचमा सन्तुलन भए/नभएको बारे नागरिक संस्थाहरूले अनुगमन गर्नेमा जोड दिनु भयो ।

उहाँले नागरिक संस्थाहरूले जलवायु परिवर्तनले सर्वव्यापी चुनौतीहरू खडा गर्ने भए तापनि यसको सामनाका लागि बालबालिका र जोखिममा रहेका परिवार तथा समुदायमाथि विशेष ध्यान दिनु अत्यन्तै जरूरी रहेको बताउनु भयो ।

उहाँले जलवायु परिवर्तनसँग अनुकुलन, विपद जोखिम न्युनिकरण तथा पूर्व-तयारीमा स्थायी प्रकृतिको संयन्त्रको खाँचो औंल्याउनु भयो । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्न नागरिक संस्थाहरूले सरकारलाई सघाउने उल्लेख गर्दै आपतकालिन परिस्थितिको लागि तयारी योजना र महिला, किशोरकिशोरी तथा बालबालिकाका लागि राहत तथा पुर्नस्थापना सेवाहरूको तयारी गर्न आवश्यक रहेको पनि उपाध्यक्ष भट्टले बताउनु भयो ।

मानव अधिकार एलायन्सका अध्यक्ष विदूर सुवेदीले नागरिक संस्था सञ्चालनका लागि सरकारले निर्धारण गरेका प्रक्रिया झन्झटिला रहेको उल्लेख गर्दै नागरिक संस्थाको स्थापना र गठन फरकफरक भएकाले उनीहरूको कार्यशैलीमा भिन्नता रहेको बताउनु भयो ।

दलित गैरसरकारी संस्था महासङ्घका अध्यक्ष भक्त विश्वकर्माले विपदको समयमा पिछडिएका वर्ग र समुदायमा अझ बढि जोखिम पर्ने औंल्याउँदै उनीहरूको सेवामा उच्च प्राथमिकता दिनु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सिजपका मधु दवाडी, ओरेकको उमा थापा, ब्लू डायमण्ड सोसाइटीका अनुज पिटर राई, अधिकारकर्मी ऋतु थापा मगर, विश्वास नेपालका कमला सापकोटा, चाइल्ड नेपालका रत्न उप्रेतीलगायतले विपद् र कोभिड महामारीको समयमा नागरिकहरूले भोगिरहेका समस्यामा सरकारभन्दा नागरिक संस्थाहरूले पहिले नै सेवा दिएका उदाहरण प्रस्तुत गर्नुभयो । इन्सेकका निर्देशक श्रीराम बजगाईले सहजीकरण गर्नु भएको कार्यक्रममा सहभागीहरूले विपद् व्यवस्थापनमा विषयगत सीप, तालिम र रणनीतिक योजना सहित कार्यशैली बारे एकीन हुनु पर्नेमा जोड दिनु भएको थियो ।

# वार्षिक सम्पादन भेला सम्पन्न




नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ का लागि प्रदेश १ मा इन्सेकद्वारा अभिलेखीकरण गरिएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा तथ्यतथ्याङ्कसहितको विवरणका लागि वार्षिक सम्पादन भेला सुरू गरिएको छ। इन्सेक प्रदेश १ कार्यालयको आयोजनामा जिल्लामा अभिलेखीकरण गरिएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा आवश्यक सूचनासहित पुर्ण पुष्टिका लागि पुस ६ र ७ गते वार्षिक सम्पादन भेला सुरू भएको इन्सेक प्रदेश १ कार्यालयका प्रलेख अधिकृत पुण्य अधिकारीले बताउनु भयो ।

इन्सेकले ३० औं संस्करणको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ प्रकाशनका लागि जिल्लामा अभिलेखीकरण गरेका घटनाका सूचना र तथ्याङ्कको पुष्टिका लागि सम्पादन भेला सुरू भएको इन्सेक केन्द्रीय कार्यालयका रमेश तिम्सिनाले बताउनु भयो। जिल्लामा अभिलेखीकरण गरिएका घटनामा न्याय सम्पादनको विवरणसहित राज्य पक्ष र अन्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा तथ्यपरक सूचनाका लागि सम्पादन भेला सुरू भएको इन्सेक केन्द्रीय कार्यालयका गोविन्द त्रिपाठीले बताउनु भयो । उहाँले जिल्लामा अभिलेखीकरण गरिएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका विषय तथा सूचना महत्वपूर्ण भएकाले सोही अनुसार जिल्ला प्रतिनिधिले अद्यावधिक गर्नुपर्ने बताउनु भयो ।

इन्सेक प्रदेश १ प्रमुख सोमराज थापाले इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले विगतमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडितलाई न्याय दिलाउने सन्दर्भमा वर्ष पुस्तक अदालतमा प्रमाणको रूपमा पेश भएकाले जिल्लामा अभिलेखीकरण गरिएका घटनामा तथ्यपरक सूचनाका लागि वार्षिक सम्पादन भेला आयोजना गरिएको बताउनु भयो । पुस ६ र ७ गतेका लागि आयोजना गरिएको वार्षिक सम्पादन भेलामा १४ जिल्लाका प्रतिनिधिहरूको सहभागिता रहेको छ ।

# आवास अधिकारका सवालमा सरोकारवालाबिच अन्तरक्रिया

इन्सेक प्रदेश १, कार्यालय विराटनगरको आयोजना तथा नगरपालिकास्तरीय मानवअधिकार समूह अर्जंनधाराको समन्वयमा आवासको अधिकारका सवाल सरोकारवालाबिच अन्तरक्रिया कार्यक्रम माघ २७ गते सम्पन्न गरिएको छ । अन्तरक्रियामा अर्जंनधारा नगरपालिकाका प्रमुख हरिकुमार रानाले भूमि सम्बन्धी नीति बनाए पनि कार्यान्वयन गर्न नसकिएको बताउनु भयो। उहाँले आवास अधिकारका सवाललाई सम्बोधन गर्नका लागि भूमि सम्बन्धी नीति बनाए पनि कतिपय अवस्थामा नीति कार्यान्वयनमा सङ्घीय सरकारको निर्णय आवश्यक भएकाले तत्काल भूमि सम्बन्धी नीति कार्यान्वयनमा समस्या भएको बताउनु भयो । अन्तरक्रियामा समूहका अध्यक्ष चन्द्र सुवेदीले स्वास्थ्य अधिकारसहित आवास अधिकारका सवालमा समस्या र सुझावसहितको जानकारी नगर प्रमुख समक्ष राख्नु भएको

थियो । नगर प्रमुख हरिकुमार रानाले कार्यपत्रमा उल्लेख भएका समस्याहरूलाई समाधान गर्न सक्ने जति नगरपालिकाले गर्ने र नसकेका माथिल्लो निकायमा पहल गर्ने प्रतिबद्धता बताउनु भयो।

मानव अधिकार समूह अर्जंनधाराले प्रत्येक वर्ष ऐलानी जमिनको राजश्व बुझाए पनि बैङ्कमा कारोबार गर्न नसकिएको, जनता आवास कार्यक्रम वास्तविक विपन्नसम्म नपुगेको, खेतीयोग्य जमिन प्लटिङ गरिएको, मानवीय बस्ती नजिक विभिन्न उद्योग खालिएकोले मानव स्वास्थ्यमा खराबी गरेको जस्ता समाधानका लागि नगरपालिकासमक्ष आग्रह गरेको छ ।

# मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा जिल्ला प्रतिनिधिसँग अन्तरक्रिया




जिल्लामा अभिलेखीकरण गरिएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा जिल्ला प्रतिनिधि र इन्सेक प्रदेश कार्यालयबिच पुस ५ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । इन्सेक प्रदेश १ कार्यालय मातहतका जिल्ला प्रतिनिधिले जिल्लामा अभिलेखीकरण गरेका घटनामाथि समीक्षा गर्दै जिल्ला प्रतिनिधिसँग प्रदेश कार्यालयले अन्तरक्रिया सम्पन्न गरेको हो ।

अन्तरक्रियामा इन्सेक प्रतिनिधिले जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेखीकरण गर्दा भोग्नु परेको समस्या र चुनौती विषयमा जिल्ला प्रतिनिधिसँग अन्तरक्रिया गरिएको इन्सेक प्रदेश १ कार्यालय प्रलेख अधिकृत पुण्य अधिकारीले बताउनु भयो। जिल्लामा इन्सेक प्रतिनिधिले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेखीकरणसहित पीडित पक्षलाई न्याय दिलाउन मानव अधिकारकर्मीको भूमिका के कसरी खेल्ने र सोको दस्तावेजीकरणको महत्वका विषयमा इन्सेक अनलाइन सम्पादक रमेशप्रसाद तिम्सिनाले बताउनु भयो ।

इन्सेकले जिल्लामा अभिलेखीकरण गरेका घटनामाथि जिल्ला प्रतिनिधिसँग सात ओटै प्रदेशमा अन्तरक्रिया गरिने र जिल्लामा मानव अधिकारको अवस्था के कस्तो छ भनि विश्लेषण गरिने इन्सेक प्रदेश १ प्रमुख सोमराज थापाले बताउनु भयो । उहाँले कतिपय अवस्थामा मानव अधिकार रक्षक आँफै समस्यामा पर्ने भएकाले इन्सेकले मानव अधिकार रक्षकलाई सहयोग गर्ने र सो सहयोग जिल्ला प्रतिनिधिमार्फत हुने बताउनु भयो । अन्तरक्रिया कार्यक्रममा सहभागी जिल्ला प्रतिनिधिले नेपाल मानव अधिकार वर्ष पुस्तकका लागि जिल्लामा अभिलेखीकरण गरिएका घटना र जिल्लाको मानव अधिकार अवस्थाका विषयमा जानकारी गराएका छन् ।

# राष्ट्रिय सभा निर्वाचन इन्सेक मधेश प्रदेशद्वारा अनुगमन

राष्ट्रिय सभाका दुई सदस्यका लागि माघ १२ गते मधेश प्रदेश जनकपुरधाममा सम्पन्न निर्वाचनको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेश कार्यालयले पर्यवेक्षण गरेको छ । जनमत पार्टीको विरोध र अवरोधका बिच कडा सुरक्षा र कोभिड भाइरसको तेश्रो लहरलाई मध्यनजर गर्दै सुरक्षित तवरले राष्ट्रिय सभा सदस्य निर्वाचन सम्पन्न भएको छ ।

मधेश प्रदेशमा ३ सय ७२ जना कुल मतदाता रहेकोमा ३ सय ६६ जनाले मतदान गरेको र पाँच जना अनुपस्थित भएको निर्वाचन अधिकृत पुष्पा झाले बताउनु भयो । जिल्ला प्रहरी कार्यालय अगाडि महेन्द्रनारायण स्मृति भवनमा बिहान साढे १० बजेदेखि सुरु भएको मतदान दिउँसो ३ बजे सम्पन्न भएको निर्वाचन अधिकृत झाले बताउनु भयो । मधेस प्रदेशमा २ सय ६८ जना स्थानीय तहका मतदाता रहेकोमा १ सय ३२ पुरुष र १ सय ३२ महिलाले मतदान गरेका हुन् । प्रदेश सभाका १ सय २ सदस्यले मतदान गरेका हुन् ।

# स्वास्थ्य अधिकारसम्बन्धी अन्तरक्रिया सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेशको आयोजना र मानव अधिकार निगरानी समूहको सहकार्यमा माघ १० गते मिथिला नगरपालिकामा स्वास्थ्यसम्बन्धी सरोकारवाला निकायबिच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

कार्यक्रममा सरोकारवालाले स्वास्थ्य संस्थामा नि:शुल्क मास्क, सेनिटरी प्याडलगायत नेपाल सरकारले नि:शुल्क उपलब्ध गराउने भनिएका औषधि उपलब्ध गराउनु पर्ने माग गरेका छन् ।

महिला अधिकारकर्मी विना कडारीले स्वास्थ्यसंस्थाहरूमा कण्डम, पिल्स चक्की नि:शुल्क दिइन्छ तर महिलाहरूको लागि नि:शुल्क प्याडको व्यवस्था नभएको आरोप लगाउनु भयो । यसप्रति नगरपालिका सचेत हुनुपर्ने भन्दै कम्तीमा विद्यालय र स्वास्थ्य संस्थाहरूमा साबुन, पानीसहितको शौचालय र प्याड हुनुपर्नेमा उहाँको जोड रहेको छ । बाल क्वलका अध्यक्ष दिवेशकुमार महतोले घुम्ती शिविरमार्फत भएपनि विद्यार्थीहरूको स्वास्थ्य चेकजाँचको व्यवस्था हुनुपर्ने माग गर्नु भयो ।

मिथिला नगरपालिकाले विद्यालय स्वास्थ्य सेवा कार्यक्रम लागु गरेको भएपनि विद्यार्थीहरूले यसको लाभ लिन नसकेको उहाँको भनाइ छ ।

मिथिला नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख अशोक भण्डारीले मिथिला नगरपालिकाका ११ ओटा वडामध्ये १३ ओटा स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गर्दै आएको बताउनु भयो । सर्वसाधारणको स्वास्थ्य सेवामा सहज पहुँचका लागि नियमित रूपमा स्वास्थ्य सामग्री, औषधिहरू स्वास्थ्य संस्थामा उपलब्ध गराउँदै आएको पनि उहाँले बताउनु भयो ।

इन्सेक मधेश प्रदेश संयोजक राजु पासवानले कोभिड-१९को तेश्रो लहरले जनजीवन प्रभावित भइरहेको बेलामा नगरपालिकाले समेत यसको प्रतिकार र सुरक्षा मापदण्डका उपायहरू अपनाउन जरुरी रहेको बताउनु भयो । मिथिला नगरपालिकाका प्रमुख हरिनारायण महतोले जनताको आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने सवालमा मिथिला नगरपालिका गम्भीर रहेको बताउनु भयो ।

नगरपालिकाले स्वास्थ्य संस्थाहरूमा सेवा प्रदान बाहेक घुम्ती स्वास्थ्य शिविर, विद्यालय स्वास्थ्य कार्यक्रम, विद्यालयहरूमा नि:शुल्क सेनेटरी प्याड वितरण, नगरपालिकाभरका मानसिक रोगीहरूको लागि स्वास्थ्य सेवालगायतको कार्यक्रम लागु गरको प्रमुख महतोले बताउनु भयो । उहाँले सर्वसाधारणको स्वास्थ्यसेवामा सहज पहुँचका लागि ढल्केवरमै बर्थिङ सेन्टर, सुरक्षित गर्भपतन सेवालगायतका कार्यक्रमसमेत सञ्चालन गर्दै आएको बताउनु भयो ।

# कार्यक्रम सञ्चालन गर्न बाल अधिकार चेतना समूहलाई रकम हस्तान्तरण



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जनकपुरले बाल अधिकार कार्यक्रम सञ्चालन गर्न पुस २७ गते क्षिरेश्वरनाथ नगरपालिका-५ को श्री क्षिरेश्वर जनता माध्यमिक विद्यालयको बाल अधिकार चेतना समूहलाई १० हजार रुपियाँ हस्तान्तरण गरेको छ ।

स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउन पहल कार्यक्रम (इएलपी) अन्तर्गत इन्सेकद्वारा विद्यालयमा गठन गरिएको बाल अधिकार चेतना समूहलाई विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न समुहको कोष सञ्चालन गर्न रकम सहयोग गरेको समूहका अध्यक्ष मोनिका श्रेष्ठले बताउनु भयो ।

कोष हस्तान्तरण कार्यक्रममा विद्यालयका प्रधानाध्यापक बाबुसाहेव यादवले इन्सेकले दिएको रकमबाट शैक्षिक क्रियाकलाप र समाजमा जनचेतनामुलक कार्यक्रमको लागि खर्च गर्न आग्रह गर्नु भयो ।

कोषबाट विद्यालयमा बालबालिकाहरूले सडक नाटक, जनचेतनामुलक प्रभातफेरी, दलित समुदायका बालबालिकाहरूको लागि शैक्षिक सामग्री प्रदान गर्ने लगायतको काम गर्ने समूहले कार्ययोजना लिएको समूहका कार्यक्रम व्यवस्थापन प्रमुख अञ्जलीकुमारी महतोले बताउनु भयो ।

मानव अधिकार निगरानी समूहका अध्यक्ष शोभा सिंह भण्डारीले इन्सेकले प्रदान गरेको रकमबाट समूहका बालबालिकाहरूले राम्रो कार्ययोजना तयार गरेकोमा खुशी व्यक्त गर्दै यस्ता सामाजिक गतिविधिले गर्दा विद्यालय, विद्यार्थी, अभिभावक र समाजमा समेत सकारात्मक धारणाको विकास हुने र विद्यार्थीहरूमा समेत आत्मबल बढ्ने भन्दै इन्सेकलाई धन्यवाद दिनु भयो ।

# प्रदेश २ को मानव अधिकार अवस्था विषयक छलफल कार्यक्रम

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) जनकपुरले प्रदेश २ को मानव अधिकार अवस्था विषयक छलफल कार्यक्रम पुस १६ गते सम्पन्न गरेको छ । इन्सेक प्रदेश २ का संयोजक राजु पासवानले छलफल कार्यक्रममा प्रदेश २ मा मानव अधिकार उल्लङ्घनका घटना गत वर्षको तुलनामा बढेको बताउनु भयो । प्रदेश २ मा सन् २०२१ को अवधिमा राज्यपक्षबाट ६३ ओटा घटना सहित ७ सय ५२ ओटा मानव अधिकार उल्लङ्घन घटना भएको तथ्याङ्क प्रस्तुत गर्नु भयो ।



प्रदेश २ मा २ सय ६१ ओटा बलात्कारका घटना सङ्कलन गरिएकामा १ सय ५१ ओटा घटनामा बालबालिका पीडित भएको कार्यक्रममा संयोजक पासवानले बताउनु भयो । धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले काननले प्रतिबन्ध गरेको बाहेकको अवस्थामा जिल्ला प्रशासन कार्यालयबाट पाउने सुविधाहरू निर्वाध रुपमा प्रदान गर्दै आएको बताउनु भयो । सहभागीहरूले कार्यालयहरूले सूचना नदिई लुकाएको गुनासो गरेपछि प्रमुख जिल्ला अधिकारी बास्तोलाले प्रत्येक कार्यालयमा सूचना अधिकारी राखिएको र सूचना अधिकारीसँ प्रत्येक तीन महिनाम बैठक हुने गरेको बताउनु भयो ।

# मानव अधिकार रक्षकहरूको अवस्था र सुरक्षा सवाल विषयक छलफल कार्यक्रम सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रदेश २ कार्यालयको आयोजनामा पुस १३ गते जनकपुरधाममा मानव अधिकार रक्षकहरूको अवस्था र सुरक्षा सवाल विषयक छलफल कार्यक्रम सम्पन्न गरिएको छ। प्रदेश २ का प्रदेशसभा सांसद रामाशिष यादवले मानव अधिकार रक्षकले निकै चुनौतीको सामना गर्नु पर्ने बताउनु भयो । मानव अधिकार रक्षकले आवाज विहिनहरुको आवाज उठाउन र न्यायमा पहुँचको लागि काम गर्नु पर्ने भएकाले यो काम चुनौतीपूर्ण रहेको उहाँको भनाइ छ ।

मानव अधिकार रक्षकहरूले पीडितका लागि काम गरिरहँदा आफ्नो अवस्था र सुरक्षाको समेत ख्याल गर्नुपर्ने सुझाव दिँदै उहाँले सुरक्षा चुनौती भए सम्बन्धित निकायमा खबर गरी आवश्यक सहयोग लिन आग्रह गर्नु भयो । राष्ट्रिय मानवअधिकार आयोग प्रदेश २ का प्रमुख विरबहादुर बुढा मगरले मानव अधिकार रक्षकहरूले पीडितहरूको पक्षमा काम गरिरहँदा कुनै पनि प्रकारका सुरक्षा खतरा महसुस भएको खण्डमा आयोगमा जानकारी गराउन आग्रह गर्नु भयो । उहाँले मानव अधिकार रक्षकहरूको सुरक्षाको सवालमा आयोग तत्पर रहेको बताउनु भयो ।

इन्सेक प्रदेश २ का संयोजक राजु पासवानले प्रदेश २ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू बढ्दो क्रममा रहेकाले काम गर्न चुनौती थपिएको बताउनु भयो। मानव अधिकार रक्षकहरूले सामूहिकतामा विश्वास गरी काम गर्न सके जस्तासुकै चुनौतीको पनि सामना गर्न सकिने संयोजक पासवानले बताउनु भयो । नेपाल पत्रकार महासङ्घ प्रदेश २ का अध्यक्ष राजेशकुमार कर्णले प्रदेश २ मा मानव अधिकार रक्षकहरूको अवस्था सुखद नभएको बताउनु भयो । उहाँले यस वर्ष प्रदेश २ मा १४ जना पत्रकारमाथि राज्यपक्ष र अन्यपक्षबाट आक्रमण र धम्कीका घटना अभिलेख गरिएको बताउनु भयो । गैरसरकारी संस्था महासङ्घ नेपाल प्रदेश २ की सदस्य पिङ्कीकुमारी साहले मानव अधिकार रक्षकहरूको समेत मत

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ को वार्षिक सम्पादन भेला प्रदेश २ मा सम्पन्न

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ का लागि प्रदेश २ मा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा अभिलेखीकरण गरिएका ६ सय ७७ मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा तथ्य तथ्याङ्कसहितको विवरणका लागि वार्षिक सम्पादन भेला धनुषामा सम्पन्न गरिएको छ । मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका आवश्यक सूचनासहित पुनः पुष्टिका लागि पुस ९ र १० गते गरिएको वार्षिक सम्पादन भेलामा नेपाल मानव अधिकार



वर्ष पुस्तकका सम्पादक गोविन्द त्रिपाठी र इन्सेक अनलाइनका सम्पादक रमेशप्रसाद तिमल्सिनाले सम्पादन गर्नुभएको प्रदेश २ का प्रलेख अधिकृत सागर कँडेलले बताउनु भयो ।

प्रदेश २ मा सप्तरी प्रतिनिध मनोहर पोखरेलले ९१ ओटा, सिरहा प्रतिनिध दुर्गा परियारले १ सय २० ओटा, धनुषा प्रतिनिधि दिपेन्द्रप्रसाद सिंहले १ सय ७ ओटा, महोत्तरी प्रतिनिधि अजयकुमार साहले ९६ ओटा, सर्लाही प्रतिनिधि बुधन साहले ५४ ओटा, रौतहट प्रतिनिधि कोपिला तिमल्सिनाले ६४ ओटा, बारा प्रतिनिधि भोलानाथ पौडेलले ७५ ओटा र पर्सा प्रतिनिधि कृष्णचन्द्र लामिछानेले ७० ओटा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको सम्पादन गरिएको इन्सेक प्रदेश २ प्रमुख राजु पासवानले बताउनु भयो ।

वार्षिक सम्पादन भेलामा जिल्लागत रुपमा इन्सेक जिल्ला प्रतिनिधिहरूले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको वार्षिक सम्पादन र तथ्याङ्कको पुष्टिका लागि सम्पादन टोलीले सम्पादन गरी सङ्कलित विवरणमा छुटेका र पुष्टि गर्नुपर्ने तथा न्यायमा भएको पहुँचको सवालमा सल्लाह सुझाव दिएको छ । पुस ९ र १० गते आयोजना गरिएको वार्षिक सम्पादन भेलामा आठ जिल्लाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा जिल्ला प्रतिनिधिसँग अन्तरक्रिया

मानव अधिकार र सामाजिक न्यायका निम्ति मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा जिल्ला प्रतिनिधि र इन्सेक प्रदेश कार्यालयबिच पुस ८ गते धनुषामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । इन्सेक प्रदेश २ कार्यालय मातहतका जिल्ला प्रतिनिधिले जिल्लामा अभिलेखीकरण गरेका घटनामाथि समीक्षा गर्दै जिल्ला प्रतिनिधिसँग प्रदेश कार्यालयले अन्तरक्रिया सम्पन्न गरेको हो ।

अन्तरक्रियामा इन्सेक प्रतिनिधिले जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेखीकरण गर्दा भोग्नु परेको समस्या र चुनौती विषयमा जिल्ला प्रतिनिधिसँग अन्तरक्रिया गरिएको इन्सेक प्रदेश २ कार्यालयका प्रलेख अधिकृत सागर कँडेलले बताउनु भयो । जिल्लामा इन्सेक प्रतिनिधिले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेखीकरणसहित पीडित पक्षलाई न्याय दिलाउन इन्सेक जिल्ला प्रतिनिधिहरूले मानव अधिकारकर्मीको भूमिका कसरी निर्वाह गर्ने तथा उक्त घटनाको अभिलेखको महत्वका विषयमा इन्सेक अनलाइन सम्पादक रमेशप्रसाद तिमल्सिनाले बताउनु भयो ।

मानव अधिकार उल्लङ्घनका घटनाहरूको सम्पादन गर्दा गम्भीर प्रकारका घटनाहरू नछुटाउन तथा पीडितहरूको न्यायका लागि काम गर्दा जिल्ला प्रतिनिधिहरूले सचेत भएर काम गर्नंपर्ने मानव अधिकार वर्ष पुस्तकका सम्पादक गोविन्द त्रिपाठीले बताउनु भयो । जिल्ला प्रतिनिधीहरुले सिमित श्रोत र साधनका बिच घटना सङ्कलन, पीडितको न्यायको लागि पहल, घटना दर्तालगायत अदालतले गरेको न्यायको सवालमा जिल्ला प्रतिनिधीहरुको भूमिका अहम् रहँदै आएको तथा कतिपय अवस्थामा मानव अधिकार रक्षक आफैं समस्यामा पर्ने भएकाले इन्सेकले मानव अधिकार रक्षकलाई सहयोग गर्ने इन्सेक प्रदेश २ का संयोजक राजु पासवानले बताउनु भयो ।

मानव अधिकार हननका घटनाहरू सङ्कलन गर्नं र घटना अभिलेख गर्नं चुनौतीपूर्ण रहेको तथा सप्तरीमा अपरिचित व्यक्तिबाट हत्याका घटनाहरू वृद्धि भएको इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहर पोखरेलले बताउनु भयो । अन्तरक्रिया कार्यक्रममा सहभागी जिल्ला प्रतिनिधिले नेपाल मानव अधिकार व-र्ष पुस्तकका लागि जिल्लामा अभिलेखीकरण गरिएका घटना र जिल्लाको मानव अधिकार अवस्थाका विषयमा जानकारी गराएका छन् ।

# महिलामाथि हुने हिंसाविरुद्ध स्थानीय सरकार र महिलाबीच सम्वाद कार्यक्रम सम्पन्न



मकवानपुर, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बागमती प्रदेश कार्यालय हेटौंडाको आयोजनामा पुस १२ गते मनहरी गाउँपालिका स्तरिय मानव अधिकार र महिलामाथि हुने हिंसासम्बन्धी स्थानीय सरकार र महिलाबीच सम्वाद कार्यक्रम सम्पन्न भएको छ । इन्सेकले सञ्चालन गरेको ‘आर्थिक तथा सामाजिक विकासमार्फत महिला सशक्तिकरण कार्यक्रम’ (रिन्यु परियोजना) अन्तर्गत महिलामाथि हुने हिंसाविरुद्ध स्थानीय सरकारले गरेका कामको त्रैमासिक समीक्षा समेत कार्यक्रममा गरिएको थियो ।

यसैगरी कार्यक्रममा स्थानीय महिला समूहमा आवद्ध महिला तथा स्थानीय सरकारबीच महिला माथि हुने हिंसा न्यूनिकरण तथा हिंसामा परेका महिलाहरूलाई स्थानीय सरकारले संरक्षणका लागि गर्दै आइरहेका प्रयास एवम् नीतिगत व्यवस्थाको बारेमा छलफल तथा बहस भएको थियो । कार्यक्रमका प्रमुख अतिथि मनहारी गाउँपालिका उपाध्यक्ष मनिला विष्टले मनहरी गाउँपालिकालाई महिला मैत्री बनाउनुपर्छ पालिका अगाडि बढेको बताउनुभयो । सबै प्रकारका लैङ्गिक हिंसाविरुद्धको अभियान जारी रहे पनि अन्तत्वगत्व महिला र बालबालिका क्षेत्रनै सबै भन्दा बढी प्रभावित हुने गरेको उहाँले बताउनुभयो ।

उहाँले महिला हिंसा न्यूनिकरणका लागि महिलाहरूलाई आत्मनिर्भर बनाउन गाउँपालिकाले पछिल्लो समयमा सिपमूलक तालिमको सँगसँगै प्रविधिको समेत सहयोग गर्दै आइरहेको बताउनुभयो। गाउँपालिकाले बालिका सुरक्षा कार्यक्रम, हिंसा पीडित महिलालाई न्यायिक समितिबाटै मेलमिलाप गराएर मिलाएर पठाएको र पछि त्यस्ता केशहरूको फ्लोअप गर्दा अधिकांशको सुधार भएको उहाँले स्मरण गर्नं भयो ।

उपाध्यक्ष विष्टले महिला तथा बालबालिका न्यायिक कोष खडा गरी अप्ठेरोमा परेका महिलाहरूलाई उद्धार तथा राहत प्रदान गर्दै आईरहेको बताउनु भयो । उहाँले जबसम्म कुनै पनि महिला आँफैमा आर्थिक रूपमा सक्षम हुँदैन तबसम्म हिंसाको क्रम चलिरहन्छ भन्दै अब सबै महिलाहरू उत्पादनमा लाग्नुपर्ने बताउनुभयो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बागमती प्रदेशका कार्यक्रम संयोजक गणेश भण्डारीले गाउँगाउँमा लुकेर दबाएर राखिएका हिंसा पीडित महिलाहरूलाई महिला समूहमार्फत् बाहिर ल्याउनु पर्ने र आवश्यक परे कानुनी कारबाहीको प्रकृयामा लान सहयोग पुऱ्याउन आग्रह गर्नं भयो । भण्डारीले महिला हिंसा न्यूनिकरण तथा अन्त्यको लागि महिलाहरूलाई सचेतना जगाउँदै महिला समूह निर्माण गरी महिलाहरूलाई सचेत बनाई सभ्य र हिंसारहित समाज बनाउने तर्फ निरन्तर लागि पारिरहेको र आगामी दिनहरूमा पनि निरन्तर लागि पारिरहने बताउनुभयो ।

जबसम्म हिंसाका घटना घर भित्रै लुक्छन् र दबाइन्छ तबसम्ब यस्ता घटना भइरहन्छन् तसर्थ घरबाट हिंसाका घटना बाहिर आउने भएपछि सामाजिक दायित्व र लाजले पनि स्वतह कम हुँदै जाने उहाँको धरणा थियो । इलाका प्रहरी कार्यालय मनहरीका सई विदुरचन्द्र अधिकारीले मध्यपानले महिला हिंसा भएका ठाडो उजुरी आउने र दुईचार दिन थुनामा राख्नु पर्ने पीडितको माग हुने गरेको बताउनु भयो । उहाँले त्यसरी प्रकृयागत रूपमा नआएका घटनाका आरोपितलाई थुनामा राख्न नमिल्ने भएकोले दुवै पक्षाबीच छलफल गराई आइन्दा हिंसा नगर्ने सहमतिमा पठाउने गरेको बताउनु भयो ।

गाँउपालिकाका सामाजिक विकास शाखा प्रमुख राजेन्द्र चौलागाईले हिंसा पीडित महिला तथा बालबालिकाको लागि नीति नै बनाएर कार्यक्रम राखिएको बताउनु भयो । कार्यक्रममा सहभागीहरूले बहुविवाहको केशमा केश दर्ताको समयवधी, महिला हिंसा हुँदैगर्दा पीडित महिलाहरूलाई आर्थिक तथा कानुनी सहायतताको अभावको कारणले गर्दा बाहिर खुलेर आउन नसक्नु, महिला समूहमा आवद्धता भएपछि महिला हिंसामा आएको कमी जस्ता विषय राख्नु भएको थियो ।

कार्यक्रममा उठेका सवालहरूको जवाफ दिनुहुँदै सामाजिक विकास शाखा प्रमुख चौलागाईले मनहरी गाउँपालिकालाई समग्रमा लैङ्गिक हिंसा मुक्त समाज बनाउनतर्फ पालिका अगाडि बढेको बताउनुभयो । कार्यक्रमको सभाध्यक्ष गरिरहनु भएकी मानव अधिकार समूह मनहरीका संयोजक विमला गोपालीले समूह मार्फत् महिलाको सशक्तिकरण र हिंसा न्यूनिकरणका लागि काम भइरहेको बताउनु भयो ।

# इन्सेक प्रतिनिधिको पहलमा बालबालिकालाई विद्यालय पोशाक वितरण



ललितपुर महानगरपालिका-२४ धापाखेलस्थित बालोदय आधारभूत विद्यालयमा अध्ययनरत १ सय १९ जना विद्यार्थीहरूमध्ये ५९ जनालाई इन्सेक जिल्ला प्रतिनिधिको पहलमा पुस १८ गते विद्यालय पोशाक प्रदान गरिएको छ ।

इन्सेक प्रतिनिधि दीपकप्रसाद घिमिरेको पहलमा नेपाल कपडा तथा सिलाई व्यवसायी सङ्घ, ललितपुरले विद्यालय पोशाक निःशुल्क उपलब्ध गराएको हो ।

नेपाल कपडा तथा सिलाई व्यवसायी सङ्घ, ललितपुरका अध्यक्ष पूर्ण महर्जनले विद्यार्थीलाई पोशाक वितरणको पहल गरी सेवा गर्न मौका दिएकोमा इन्सेक ललितपुर जिल्ला प्रतिनिधि घिमिरेलाई आभार प्रकट गर्नु भएको छ । सङ्घले सदस्य व्यवसायीहरूसँग कपडा सङ्कलन गरी सर्ट र पाइन्ट सिलाएर प्रत्येक विद्यार्थीलाई एक/एक जोर प्रदान गरेको विद्यालयका प्रधानाध्यापक विद्या खड्काले जानकारी दिनु भयो ।

निःशुल्क पोशाक वितरण कार्यक्रममा ललितपुर महानगरपालिका-२४ का सदस्य इन्द्रा श्रीस रानाले महानगर क्षेत्रमा भए पनि बालोदय आधारभूत विद्यालयमा घरेलु श्रमिक, दैनिक ज्याला गर्ने मजदूर, इट्टाभट्टामा काम गर्ने श्रमिकहरूका बालबालिका पढ्ने गरेको जानकारी दिनुभयो । रानाले बालबालिकाहरूलाई विद्यालय पोशाकमा एकरुपता ल्याउन सहयोगी हातको खाँचो रहेको उल्लेख गर्दै बालबालिकाको विद्यालय पोशाक लाउन पाउने अधिकार सुनिश्चित गरेकोमा इन्सेक र नेपाल कपडा तथा सिलाई व्यवसायी सङ्घ, ललितपुरलाई धन्यवाद ज्ञापन गर्नुभयो । पहिलो चरणको कपडा वितरण कार्यक्रममा विद्यालयका शिक्षक, विद्यार्थी, नेपाल कपडा तथा सिलाई व्यवसायी सङ्घ, ललितपुरका प्रतिनिधिहरू र इन्सेक प्रतिनिधिको सहभागिता रहेको थियो ।

कोभिड १९ महामारीका कारण व्यवसायमा असहजता भए पनि सो विद्यालयमा पोशाकको एकरुपता नभएको असाय विपन्न वर्गका बालबालिका पढ्ने विद्यालयका विद्यार्थीहरूको समस्या बारेका इन्सेक प्रतिनिधि मार्फत जानकारी आएपछि पहिलो चरणमा ५९ सेट पोशाक विद्यार्थीलाई सहयोग गरिएको सङ्घका सचिव समिल प्रजापतिले जाकारी दिनुभयो । सङ्घले थप विद्यार्थीका लागि पनि कपडा उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ ।

# मानव अधिकारको अवस्थाबारे जिल्ला प्रतिनिधिसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न

काठमाडौं, बागमती प्रदेशको मानव अधिकारको अवस्थाबारे जिल्ला प्रतिनिधिसँग अन्तरक्रिया कार्यक्रम पुस २५ गते धुलिखेलमा सम्पन्न भएको छ। कार्यक्रममा बोल्दै इन्सेक कार्यसमिति सदस्य रघुनाथ अधिकारीले नेपालको समग्र मानव अधिकारको तथ्याङक राख्ने कामाना इन्सेक एक्लो दौडमा रहेको उल्लेख गर्दै आगामी दिनमा यसको गरिमा जोगाई राख्न जरुरी रहेको बताउनुभयो । इन्सेकका जिल्ला प्रतिनिधिहरू नेपालको मानव अधिकार क्षेत्रको रक्षक र प्रवर्दक रहेको उहाँको भनाई थियो । थोरै स्रोत र साधनका बावजुत पनि इन्सेकका जिल्ला प्रतिनिधिले धेरै काम गरेको बताउँदै उहाँले जिल्लाबाट सूचना पठाउँदा व्यवस्थित रूपमा पठाउन र आगामी दिनमा उपभोक्ताको अधिकार हननका विषयसन्गा गाँसिएका घटनाहरू अभिलेखीकरणमा पनि ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

यसैगरी इन्सेक कार्यकारी निर्देशक विजयराज गौतमले मानव अधिकार वर्षपुस्तक इन्सेकको गौरव रहेकाले यसलाई

आजको दिनसम्म निरन्तर प्रकाशन गर्न सक्नुमा जिल्ला प्रतिनिधिहरूको ठूलो भूमिका रहेको बताउनुभयो । वर्षपुस्तकमा आउने धेरै सूचना इन्सेकका जिल्ला प्रतिनिधिबाट आउने गरे तापनि प्रहरी या अन्य स्रोतमार्फत लिइने सूचनाको पुनर्पुष्टि सम्बन्धित जिल्ला प्रतिनिधिले नै गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । इन्सेकका निर्देशक तथा मानव अधिकार प्रलेख तथा पैरवी विभाग प्रमुख श्रीराम बजगाईंले पुस मसान्तभित्रमा सबै जिल्ला प्रतिनिधिले घटनाको सम्पादन र अभिलेख फारम भरिसक्न निर्देशन दिनुभयो ।

उहाँले जिल्लामा भएका कारागार र बन्दीगृहको बेलाबेला अनुगमन गर्न र आफ्नो कारण जिल्लामा पीडितको न्यायको पहुँचमा पुर्याएको प्रभाव र का बारेमा व्यवस्थित अभिलेख राख्न जिल्ला प्रतिनिधिहरूलाई आग्रह गर्नुभयो । इन्सेक




बागमती प्रदेश संयोजक कृष्ण गौतमले सहजीकारण गरेको कार्यक्रममा बोल्दै इन्सेक इन्सेक सम्पादन समूहका सदस्य गोविन्द त्रिपाठी र रमेश तिमिल्सेनाले अन्य ६ प्रदेशको भ्रमणबाट आएका निस्कर्षहरू सेयर गर्नुभएको थियो । साथै वार्षिक सम्पादन भेलामा सहभागी हुनुभएका बागमती प्रदेशका जिल्ला प्रतिनिधिहरूले आ-आफ्नो जिल्लाको अभिलेख प्रस्तुत गर्दै जिल्लाको समग्र मानव अधिकारको



# प्राकृतिक विपत् तथा महामारीमा राष्ट्रिय मानव अधिकार संस्थाहरू तथा नागरिक समाजको भूमिका र चुनौती विषयक कार्यशाला सम्पन्न

काठमाडौं, अनौपचारिक सेवा केन्द्र (इन्सेक) को आयोजनामा महामारी र विपद् को समयमा राष्ट्रिय मानव अधिकार संस्थाहरू तथा नागरिक समाजको भूमिका र चुनौती विषयक कार्यशाला गोष्ठी पुस १२ गते काठमाडौंमा सम्पन्न गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले भूकम्प तथा कोभिडको विपद्का बेला तल्लो वर्गका नागरिकको मौलिक हक अधिकार खुम्चिने गरेको गरेकाले उनीहरूको अधिकार रक्षाका निम्ति नागरिक सङ्घसंस्थाले सरकारका कामकारबाही तथा सेवाको गुणस्तरमा अनुगमन गर्नुपर्ने बताउनुभयो ।

विपद्को समयमा कतिपय सङ्घसंस्थाले सेवाको भावना भन्दा आफ्नो लोकप्रियताका लागि काम गर्ने गरेकाले राम्रो काम गर्ने नागरिक सङ्घसंस्था इज्जतमा दाग लागेको उल्लेख गर्दै अप्ठेरो अवस्थामा गरिने सेवामा मानव अधिकारको भावना हुनुपर्ने उहाँको भनाइ थियो । विपद्को बेला नागरिक समाजसँग मिलेर सहकार्य र समन्वय गर्न रास्ट्रिय मानव अधिकार आयोग तयार रहेको आयोगका अध्यक्ष मगरले बताउनु भयो ।

कार्यक्रममा इन्सेककी अध्यक्ष डा. इन्दिरा श्रेष्ठले कोभिडको महामारीको समयमा सरकारका निकाय पुग्न नसकेका कयौँ ठाउँमा नागरिक समाज पुगेर जनतालाई सेवा दिए पनि सरकारले नागरिक समाजको भूमिकालाई अवमुल्यन गरेको बताउनु भयो । उहाँले विपद् र महामारीको समयमा राज्यले नागरिक समाजलाई बेवास्ता गरे तापनि जनताको माझ नागरिक समाजले विश्वास आर्जन गरेकाले सरकारका कामकारबाहिमा नागरिक सङ्घसंस्थाले अनुगमनकरी भूमिका निर्वाह गर्नुपर्ने कुरामा जोड थियो । उहाँले यस्ता किसिमका अन्तरक्रिया कार्यक्रममार्फत आएका सुझाव र निश्कर्षहरूलाई समेटेर जिम्मेवार निकायहरूसँग बसेर छलफल गर्ने उल्लेख गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका निर्देशक तथा सहसचिव यज्ञ अधिकारीले प्राकृतिक विपद् तथा महामारीमा राष्ट्रिय मानव अधिकार संस्था र नागरिक समाजको भूमिका र चुनौती विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । प्रत्येक नागरिकको मानव अधिकार संरक्षण गर्नु राज्यको दायित्व भएको बताउदै उहाँले विपदको समयमा राहतमा विभेद सँगसँगै भ्रस्टाचार पनि बढी हुने हुने भएकाले सिमान्तकृत वर्गका मानिसको अधिकार संरक्षणका लागि मानवअधिकार आयोग र मानव अधिकार रक्षकहरूले राज्यका गरेका कामहरूको अनुगमन गर्नुपर्नेमा जोड दिनुभयो ।




अनुगमन गर्दा प्राकृतिक प्रकोपको पूर्वतयारी, प्रकोपको समयको अवस्था र प्रकोपपछिको अवस्थामा ध्यान दिनुपर्ने उहाँको भनाइ थियो । इन्सेकका निर्देशक श्रीराम बजगाईंले यसअघि सातओटै प्रदेशमा सरकारका र नागरिक समाजका प्रतिनिधि राखेर यस विषयमा अन्तरक्रिया कार्यक्रम गरेको बताउँदै त्यस्ता कार्यक्रममार्फत विपद्लाई दैवीप्रकोप सोच्ने कुरामा बदलाव ल्याउन सफल भएको उल्लेख गर्नुभयो । उहाँले महामारी तथा विपद्को पूर्वतयारी तथा विपद् भईसकेपछिको अवस्थामा मानव अधिकार आयोग र नागरिक सङ्घसंस्थाबीच सहकार्य आवश्यक रहेको कुरामा जोड दिनुभयो ।

राष्ट्रिय मधेसी आयोगका सदस्य जिवछ शाहले प्रत्येक वर्ष तराईमा शीतलहर भन्दा पनि भोकमारी र न्यानो कपडा लगाउन नपाएका कारण नागरिकले मृत्युवरण गर्न बाध्य भएको बताउनुभयो । विपदका बेला प्रदान गरिने राहत वितरणमा समाजका टाठाबाठाको हालीमुहाली हुने गरेकाले राहत वितरण प्रक्रियामा प्रत्येक नागरिकको समान पहुँच र समान सहभागिता हुनुपर्ने उहाँको भनाई थियो । राष्ट्रिय समावेसी आयोगकी सदस्य विष्णु ओझाले मानिसले प्रकृतिलाई आफ्नो बसमा राख्न चाहेका कारण बेला बेला प्राकृतिले आफ्नो बाटो पहिल्याउँदा मानिस आफैं जोखिममा पर्ने उल्लेख गर्नुभयो । विपद पुर्वसूचना दिएर नआउने बताउँदै उहाँले जोखिमयुक्त डाँडामा डोजर चलाउनुभन्दा सरकारले नागरिकलाई समथर जमीनमा व्यवस्थित र सुरक्षित बसोबासको प्रत्याभूत गर्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय दलित आयोगका सदस्य देवराज विश्वकर्माले महामारीका कारण रोजगार खोसिएका दलित समुदायका जनतालाई पुनर्स्थापना गर्नुपर्ने बताउनुभयो । विपद व्यवस्थापनको तयारीसम्बन्धी कामका लागि तीनै तहका सरकारले गठन गर्ने संयन्त्रमा दलित र सिमान्तकृत वर्गका नागरिकको अर्थपूर्ण सहभागिता आवश्यक रहेको उहाँको भनाई थियो ।

त्यस्तै गैरसरकारी संस्था महासङ्घकी उपाध्यक्ष भावना भट्टले महामारी तथा विपद्को समयमा गैर सरकारी सङ्घसंस्थाको भूमिका अहम् भए पनि नेपाल सरकारका निकायले नागरिक समाजलाई हेर्ने दृष्टिकोण फितलो भएको र यस्तो अवस्थामा सबै सङ्घसस्था र नागरिक समाजले सरकारलाई खबरदारी गर्न आवश्यक रहेको बताउनुभयो । सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घका अध्यक्ष कृष्ण थापाले सिन्धुपाल्चोक जिल्लाको मेलम्चीमा बाढीले ७५ ओटा घर पूर्ण रूपमा क्षति गरे पनि ६ महिना बितिसक्दा जम्मा सात ओटा घर बनाउन सरकारसँग सम्झौता भएको बताउनुभयो । उहाँले गत साउनमा आएको बाढीले मेलम्ची र हेलम्बु गाउँपालिकामा मात्र १७ अर्ब बराबरको भौतिक सम्पतिमा क्षति पुग्दा ७ सय घरपरिवार समस्यामा परेको उल्लेख गर्नुभयो । प्राकृतिक विपद तथा महामारीका बेला नागरिक समाज आफैं अप्ठ्यारो अवस्थामा हुँदाहुदै पनि आफ्नो ठाउँबाट नागरिकको सेवामा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताउँदै उहाँले महामारीको समयमा मिलेर काम गर्न नागरिक समाजले बलियो सञ्जाल बनाउनुपर्नेमा जोड दिनुभयो ।

नेपाल रेडक्रस सोसाइटीका सह-कोषाध्यक्ष होम पाठकले नेपाल सँधै भूकम्प तथा बाढी पहिरोको जोखिममा रहेकाले विपद व्यवस्थापनमा काम गर्नका निम्ति स्थानीय तहलाई स्रोत साधन सम्पन्न बनाउन जरुरी रहेको बताउनुभयो । यसैगरी मानव अधिकार एलाईन्सका उपाध्यक्ष बिदुर सुवेदीले विपदका बेला सरकारले आपतकालीन कानुन ल्याउने भएकाले त्यस्ता कानुनमा राखिएका कतिपय कडा प्रावधानले नागरिकको हक सङ्कुचित हुने हुँदा नागरिक समाजले अनुगमन गर्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय महिला आयोगकी उपसचिव मन्जु खतिवडाले अन्य समयभन्दा विपदको बेला महिला तथा बालबालिकामाथि हिंसा बढेको बताउनुभयो । सरकारले कोरोना महामारीको बेला गरेको लकडाउनका कारण धेरै महिला प्रहरीमा उजुरी गर्न जान नपाउँदा न्यायबाट बञ्चित बनेको उल्लेख गर्नुभयो । डिपीनेटका अध्यक्ष सूर्यबहादुर थापाले विपदका बेला गलत सूचना पनि फैलने भएकाले त्यस्ता गलत कुरा रोकेर सही सूचना नागरिक माझ पऱ्याउन मानव अधिकार रक्षकको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

फेडवासनका अध्यक्ष राजेन्द्र अर्यालले विपदका बेला शौचालय, खानेपानीका मुहान संरचना ध्वस्त हुने भएकाले त्यसबाट अर्को विपद निम्तिने जोखिम रहेकाले शौचालय र सुद्ध खाने पानी पनि विपद व्यवस्थापनको अभिन्न अङ्ग हुनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा उपस्थित सबै सहभागीहरूलाई इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले स्वागत गर्नु भएको थियो भने कार्यक्रमको सहजिकरण इन्सेक बागमती प्रदेश संयोजक कृष्ण गौतमले गर्नु भएको थियो ।

# मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा जिल्ला प्रतिनिधिसँग अन्तरक्रिया

कास्की, मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा जिल्ला प्रतिनिधिसँग अन्तरक्रिया पुस १२ गते गरिएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेशको आयोजनामा गरिएको कार्यक्रममा गण्डकी प्रदेश मातहतका जिल्ला प्रतिनिधिले आफ्ना जिल्लामा सन २०२१ जनवरी देखि डिसेम्बरसम्म भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना बारे प्रस्तुतीकरण दिएका थिए ।

कार्यक्रममा बोल्दै इन्सेक अनलाइनका सम्पादक रमेशप्रसाद तिमल्सिनाले इन्सेक जिल्ला प्रतिनिधिहरु आफ्नो जिल्लाहरुमा इन्सेकको पहिचान रहेको बताउदै पीडितले इन्सेकबाट न्यायको अपेक्षा राखेको बताउनुभयो । उहाँले प्रतिनिधिहरुले पीडितसँगै पुगेर घटनाहरुको अभिलेखिकरण गर्नुपर्ने बताउनुभयो । नेपाल मानव अधिकार वर्ष पुस्तकका सम्पादक गोविन्द त्रिपाठीले नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्था चित्रण गर्ने भएकाले मानव अधिकार उल्लंघनका सबै घटनाहरुलाई समेट्न आवश्यक रहेको बताउनुभयो ।

इन्सेक गण्डकी संयोजक शिव खकुरेलले गण्डकी प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट बालिकहरुको बढी पीडित भएको अभिलेखले देखाएको बताउनुभयो । सन २०२१ को जनवरी देखि डिसेम्बरसम्म कास्की जिल्लामा ८१, तनहुँमा १ सय १६, म्याग्दीमा २४, पर्वतमा २५, स्याङ्जामा ३५, लमजुङमा २५, नवलपुरमा ४९, बागलुङमा ५६, गोरखामा २९ ,मुस्ताङमा चार र मनाङमा कुनै पनि घटना नरहेको इन्सेकको अभिलेखमा रहेको छ ।

# मानव अधिकार रक्षकहरुको अवस्था र सुरक्षा सवाल विषयक अन्तरक्रिया सम्पन्न

कास्की, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेशको आयोजनामा मानव अधिकार रक्षकहरुको अवस्था र सुरक्षा सवाल विषयक अन्तरक्रिया कार्यक्रम पुस ११ गते सम्पन्न गरिएको छ । कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग गण्डकीका प्रमुख चन्द्रकान्त चापागाईले नेपालमा मानव अधिकार रक्षकको अवस्था सुरक्षाका सवालमा प्रस्तुतिकरण राख्दै कतिपय अवस्थामा मानव अधिकार रक्षक प्रति समाजको बुझाइ फरक रहँदा समस्या आउने गरेको बताउनुभयो । उहाँले राजनीतिक परिर्वतनका आन्दोलन देखि नागरिकहरुका अधिकार प्रत्याभूत गराउन मानव अधिकार रक्षकको भूमिका प्रभावकारी रहने भन्दै अरुको रक्षाका निमित्त क्रियाशिल भइरहंदा आफ्नो सुरक्षाको बारेमा पनि सोच्न आवश्यक रहेको बताउनुभयो ।




यस्तै इन्सेक अनलाइन सम्पादक रमेश तिमिल्सिनाले मानव अधिकार रक्षकसम्बन्धी मस्यौदा विधेयकका बारे जानकारी गराउनुभएको थियो । इन्सेक गण्डकी प्रदेश संयोजक शिव खकुरेलले मानवअधिकार रक्षकहरुले स्थानीय, प्रदेश र केन्द्र सरकारसँग समन्वय गरेर मानव अधिकारका क्षेत्रमा क्रियाशिल रहनुपर्ने आवश्यकता रहेको बताउनुभयो । कार्यक्रमबाट इन्दिरा पौडेलको अध्यक्षतमा १५ सदस्यीय गण्डकी प्रदेश स्तरीय मानव अधिकार रक्षक सञ्जाल गठन समेत गरिएको थियो । कार्यक्रममा बोल्दै पौडेलले स्थानिय तहसम्म मानवअधिकार रक्षकहरुको विकास गर्दै मानव अधिकारको अभियान अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

# जनताका अधिकार प्रत्याभुत गराउन सरकार प्रतिबद्ध छः मन्त्री श्रेष्ठ

कास्की, गण्डकी प्रदेशका शिक्षा, संस्कृति, विज्ञान तथा प्रविधि र सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले जनताका अधिकार प्रत्याभुत गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) गण्डकी प्रदेश कार्यालयको आयोजनामा पुस ११ गते महामारी र विपदमा राष्ट्रिय मानव अधिकार संस्थाहरु तथा नागरिक समाजको भुमिका र चुनौती विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले कोभिड-१९ विपदका समयमा नागरिकहरुको मानव अधिकारसँग जोडिएका अधिकार कुण्ठित भए जस्तो देखिएपनि समग्रमा नागरिकहरु कै सुरक्षाका लागि सरकारले बाध्यकारी लकडाउन गरेको बताउनुभयो । उहाँले नागरिकहरुमा लकडाउनका समयमा सरकारले हाम्रै सुरक्षाका लागि भुमिका खेलेको हो भन्ने बारेमा बुझाइ सकारात्मक हुन नसकेको बताउनुभयो ।

राजनीतिक परिर्वतनका मुद्दा र विपत्तीका समयमा मानव अधिकारवादी संस्थाको भूमिका फरक हुने भन्दै नागरिकहरुलाई रोग एवम विपदका समयमा घरमै बसेर स्वास्थ्य सुरक्षाका विषयमा सम्वेदनशिल रहन समाज र नागरिकहरुलाई जागरण गराउन आवश्यक भूमिका खेल्नुपर्ने उहाँको भनाइ थियो । नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक तथा प्रदेश सभा सदस्य ओमकला गौतमले विपद आउनु अगावै त्यसको पूर्व तयारीका विषयमा मानव अधिकार संस्था र नागरिकहरुले सरकारलाई सचेत गराउनुपर्ने बताउनुभयो । उहाँले पछिल्लो समय बढेको विकासका कारण प्राकृतिक विपदले बिनास निम्त्याइरहेको भन्दै विकासका कारण प्राकृतिक विपदको अवस्था सिर्जना हुन नदिन बहस र छलफल आवश्यक रहेको भनाइ राख्नुभयो ।

गैरसरकारी संस्था महासङ्घ गण्डकी उपाध्यक्ष गोपाल खड्काले विपदपछि भन्दापनि योजनाबद्ध ढङ्गबाट पूर्वतायरीमा सरकार जुट्नुपर्ने भनाइ राख्नुभयो । यस्तै उच्च अदालत बार एशोसिएशन सदस्य गीता लामिछानले सबैखाले विपदका समयमा मानव अधिकारवादी संस्थाको भूमिका भने जस्तो प्रभावकारी हुन नसकेको बताउनुभयो ।

गैरसरकारी संस्था महासङ्घ कास्की अध्यक्ष पदम पहारीले सरकारको सहयोगी र साझेदारका रुपमा रहेको नागरिक संस्था कोभिड-१९ विरुद्धको खोपको प्राथमिकतामा नपर्नु दुःखद विषय रहेको भनाइ राख्नु भयो । उहाँले सरकारसँगै मिलेर नागरिक संस्था अगाडि बढ्दै आएको बताउनु भयो । नेपाल पत्रकार महासङ्घ कास्की उपाध्यक्ष जमुना वर्षा शर्माले सरकारका तर्फबाट भएका सकारात्मक कामको सही सूचना जनतासम्म पुर्याउन गण्डकी प्रदेश सरकार तर्फबाट मिडिया डेस्क सञ्चालनका लागि आग्रह गर्नुभयो ।

इन्सेक गण्डकी प्रदेश संयोजक शिव खकुरेलले कोभिड-१९ का समयमा तीन तहका सरकारबिच समन्वयको अभावका कारण नागरिकहरुले दुःख पाउने अवस्था बनेको बताउनुभयो । पहुँचवालाले खोप पाउने, अस्पतालमा अधिक शुल्क लिने जस्ता कार्यहरु अनुगमनबाट देखिएको उहाँले सुनाउनुभयो । कार्यक्रममा महामारी र विपदका समयमा नागरिक समाज र सरकारले गरेका काम र भोग्नुपरेका चुनौतीका विषयमा इन्सेक केन्द्रिय कार्यालय बहस तथा पैरवी विभाग प्रमुख सम्झा श्रेष्ठ र राष्ट्रिय मानवअधिकार आयोग गण्डकी प्रमुख चन्द्रकान्त चापागाईले प्रस्तुतिकरण गर्नुभएको थियो ।

# कानुनी सिमा भित्र रहेर पुरा गर्नुपर्ने दायित्व पुरा गर्न राज्य प्रतिबद्ध छ : प्रमुख जिल्ला अधिकारी आचार्य

कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले कानुनी सिमा भित्र रहेर पुरा गर्नुपर्ने दायित्व पुरा गर्न राज्य प्रतिबद्ध रहेको बताउनुभएको छ । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कास्कीको आयोजनामा पुस ७ गते नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ का लागि कास्की जिल्लामा सङ्कलन गरिएका घटनाहरूको प्रकाशन पूर्व वार्षिक समीक्षा कार्यक्रममा बोल्दै आचार्यले सबै नागरिकले सम्मानपूर्वक जिवनयापन गर्न पाउने अवस्था सिर्जना गर्नका लागि सबैको सहयोग आवश्यक रहेको बताउनुभयो । अपराध विहिन समाजको कल्पना गर्नका लागि सचेतना र न्यायको प्रत्याभूत गराउन आवश्यक रहेको उहाँको भनाइ थियो । उहाँले नागरिकलाई अधिकारको प्रत्याभूत गराउन राज्यसँगै सरोकारवालाको भूमिका पनि महत्वपूर्ण रहने बताउनुभयो ।

नेकपा एमालेका नेता तेजनारायण अधिकारीले मानव अधिकार वर्ष पुस्तकले समेटेका तथ्याङ्क निकै उपयोगी रहेको बताउनुभयो । राजनीतिक दलका तर्फबाट मानव अधिकारका विषयलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि प्रयत्नशील रहेको उहाँको भनाइ थियो । राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालयका अधिकृत टङ्क खनालले कानुनी दायरामा आउन नसकेका घटनालाई न्यायिक प्रकृयामा ल्याउन इन्सेकको वर्ष पुस्तकले ठोस भूमिका खेल्ने बताउनुभयो ।

गैरसरकारी संस्था महासङ्घ गण्डकी

उपाध्यक्ष गोपाल खड्काले कोभिड १९ पछि मानव अधिकार उल्लङ्घनका घटनामा बृद्धि भएको बताउनुभयो । घरेलु हिंसा अन्त्यका लागि राज्य र नागरिक सङ्घ संस्थाको अभियानलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न आवश्यक रहेको उहाँको भनाइ थियो । महिला मानव अधिकार रक्षक सञ्जाल अध्यक्ष इन्द्रकुमारी शर्माले मानव अधिकारकर्मी र राज्यका जिम्मेवार निकायको सहकार्यबाट मानव अधिकारको रक्षा सम्भव रहेको बताउनुभयो ।

मानव अधिकार एलाइन्स कास्की अध्यक्ष रामचन्द्र पौडेलले समयक्रम अनुरूप हिंसाको स्वरूप परिर्वतन हुँदै गएको बताउँदै सबैखाले हिंसालाई कसरी समेट्न सकिन्छ भन्ने बारे ध्यान दिन आवश्यक रहेको बताउनुभयो । इन्सेक गण्डकी संयोजक शिव खकुरेलले वर्ष पुस्तक सार्वजनिक हुनु अघि घटनाक्रमहरूको समिक्षा गर्ने, सल्लाह सुझाव लिने उद्धेश्य अनुरूप कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उहाँले कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी राखिएको कारण उनीहरूले सहज किसिमको वातावरण नपाएको भन्दै प्रशासनको ध्यानाकर्षण गराउनुभयो । इन्सेकले गरेको अभिलेख अनुसार कास्की जिल्लामा सन् २०२१ जनवरी देखी डिसेम्बरसम्म ८१ ओटा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना भएका छन् । जसमध्ये सबैभन्दा धेरै महिला अधिकारका

# वार्षिक समीक्षा बैठक सम्पन्न

कास्की, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) केन्द्रीय कार्यलयको आयोजनामा वार्षिक समीक्षा बैठक पोखरामा मङ्सिर २९ गते सुरु गरिएको छ । कार्यक्रमको उद्घाटन सत्रमा इन्सेककी अध्यक्ष डा.इन्दिरा श्रेष्ठले सिक्ने, सिकाउने र समीक्षा गर्ने बैठक भएकाले सबैको सक्रिय सहभागिताको अपेक्षा राखेको बताउनु भयो । उहाँले आगामी दिनका योजनालाई प्रभावकारी कसरी बनाउन सकिन्छ भन्ने बारे छलफल केन्द्रित हुनुपर्ने बताउनुभयो । समयक्रम अनुसार मानव अधिकारको विषय अझ व्यापक बन्दै गएको उहाँले बताउनुभयो । मानव अधिकारसँगै वातावरण अधिकारका विषयमा पनि कार्यक्रमहरू केन्द्रित गर्नुपर्ने उहाँको भनाइ छ ।

इन्सेकले मानव अधिकारको प्राप्तिका लागि गरिरहेको वकालत र पहल तीन ओटै तहका सरकारमा कस्तो प्रभाव परिरहेको छ भन्ने बारे पनि बैठकमा समीक्षा गर्न आवश्यक रहेको अध्यक्ष श्रेष्ठले बताउनु भयो । उहाँले इन्सेकका आगामी कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के कसरी अगाडी बढ्न सकिन्छ भन्ने बारेमा आवश्यक छलफल, सुझावको अपेक्षा राखेको समेत उहाँले बताउनुभयो ।

बैठकको उद्देश्यमाथि प्रकाश पार्दै इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले सबै प्रदेशमा सञ्चालित कार्यक्रमहरूको समीक्षा र आगामी दिनको कार्ययोजनाका बारेमा छलफलका लागि बैठक आयोजना गरिएको जानकारी गराउनुभयो । उहाँले आगामी दिनका इन्सेक कसरी अगाडि बढ्ने भन्ने विषयमा बैठकमा छलफल हुने बताउनु भयो। उहाँले समग्र कार्यक्रमको उपलब्धि र प्रभावको खोजी गर्दै आगमी दिनमा कार्यक्रमहरूलाई अझ शसक्त र उपयोगी बनाउन लाग्नुपर्ने बताउनु भयो । दिगो विकासका लक्ष्यलाई प्राप्ति गर्नका लागि इन्सेकका कार्यक्रमहरु केन्द्रित रहने उहाँको भनाइ छ । बैठकमा इन्सेक केन्द्रिय कार्यलय र सात ओटै प्रदेश कार्यलयबाट सहभागिता रहेको छ ।

# स्वास्थ्य अधिकारसम्बन्धी सरोकारवालाबिच अन्तरक्रिया सम्पन्न

कास्की, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कास्कीको आयोजनामा स्वास्थ्य अधिकारसम्बन्धी सरोकारवालबीच अन्तरक्रिया कार्यक्रम मङ्सिर २६ गते सम्पन्न गरिएको छ । रुपा गाउँपालिका-७ स्थित रामकोट स्वास्थ्य चौकीमा सम्पन्न गरिएको उक्त कार्यक्रममा स्वास्थ्य चौकीका प्रमुख रविन कुमार श्रेष्ठले स्वास्थ्यको अधिकार साथै गाउँपालिकाले दिने सेवा सुविधाका बारेमा प्रस्तुतीकरण राख्नुभएको थियो ।

कार्यक्रममा महिला स्वयमसेविका शोभा सुवेदीले स्वास्थ्य चौकीबाट उपचारको लागि प्रयोग गरिने सामान्य




इन्सेक बुलेटिन

वस्तुको व्यवस्थापन हुन नसकेको बताउनुभयो । उहाँले प्राथमिक उपचारका लागि सेवा दिन जाने क्रममा पञ्जाको समेत व्यवस्थापन स्वास्य चौकीबाट हुन नसकेको बताउनुभयो । कर्यक्रममा सहभागी अम्बिका न्यौपानेले महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सेवा सुविधा सन्तोष जनक नरहेको बताउदै उहाँले स्वयंमसेविकाहरु मास्क र सेनेटाइजरको व्यवस्थापन नगरिएको भन्दै त्यसबारे सरोकारबालालाई ध्यान दिन आग्रह समेत गर्नुभयो ।

गाउँपालिका कार्यपालिका सदस्य कृष्ण बहादुर विकले महिला स्वास्थ्य स्वयंसेविकाहरुका समस्याका विषयमा कार्यपालिकाको बैठकमा आवाज उठाउने गरेको बताउँदै आवश्यक व्यवस्थापनका लागि पहल गर्ने बताउनुभयो । वडाअध्यक्ष दयासागर सुवेदीले वडा नम्बर ७ को तर्फबाट हरेक पटक कार्यपालिकामा महिला स्वास्थ्य स्वयंम्सेविकाहरुको समस्या बारे जानकारी गराइएको भएपनि पर्याप्त सम्बोधन हुन नसकेको भनाइ राख्नुभयो । कार्यक्रममा मानव अधिकार समूह र वडासँगै स्वास्थ्य कार्यालयको समन्वयमा पाठेघर, कुष्ठरोग र अन्य रोगका सवालमा अभियानको एकदिने तालिम आयोजना गर्ने निर्णय गरिएको सहजकर्ता तिर्सना

## लुम्बिनी प्रदेश

# आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी स्थलगत अनुगमन

बाँके, इन्सेक लुम्बिनी प्रदेश कार्यालय नेपालगञ्ज र वैजनाथ गाउँपालिकास्तरीय मानव अधिकार रक्षक सञ्जालको आयोजनमा मानव अधिकारकर्मीहरूले वैजनाथ गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी पुस २२ गते स्थलगत अनुगमन गरेका छन् । अनुगमनका टोलीले वैजनाथ गाउँपालिकाका अध्यक्ष मानबहादुर रुचाल, गाउँपालिकाका शिक्षा शाखा प्रमुख विश्वराज ढकाल र स्वास्थ्य शाखा प्रमुख लक्षमण राज शाहीसँग गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी विषयमा जानकारी लिनुका साथै सुझाव समेत दिएको थियो ।

अनुगमनमा वैजनाथ गाउँपालिकाले शिक्षा, स्वास्थ्य, खाद्यसम्बन्धी दिइरहेको सेवामा पहिलेको भन्दा सकारात्मक परिवर्तन पाइएको इन्सेक लुम्बिनी प्रदेश कार्यालयकी कार्यक्रम अधिकृत सरस्वती मल्लले बताउनु भयो । अनुगमनका क्रममा वैजनाथ गाउँपालिकाका अध्यक्ष मानबहादुर रुचालले आवासका सन्दर्भमा सङ्घीय सरकारले फुसको छानो हटाउने कार्यक्रम ल्याएको हुनाले गाउँपालिकाका १ सय ७० ओटा फुसको छानो विस्थापित गर्न बजेट पारित गरेको बताउनु भयो । उहाँले खाद्य अधिकारमा गरिव तथा विपन्न, दलित र अपाङ्ग परिवारलाई आर्थिक सामाजिक विकास समिति अन्तर्गत ४ सय ३२ घर परिवारलाई कुखुरा वितरण गरेको बताउनु भयो । उहाँले परम्परागत र वैज्ञानिक रूपमा गरिएको खेतिलाई विष्लेशण गर्नको लागि आइपिएम कृषि पाठशाला चलाएको बताउनु भयो ।

गाउँपालिकाका शिक्षा शाखा प्रमुख विश्वराज ढकालले गाउँपालिकाका सम्पुर्ण सरकारी विद्यालयहरूमा आधारभुत तहसम्म अनिवार्य र नि:शुल्क शिक्षा बनाएको बताउनु भयो । उहाँले शिक्षक नियुक्तिको उचित व्यवस्थापन नगर्दा समस्या भएको बताउनु भयो । उहाँले गाउँपालिकामा ३६ ओटा सामुदायिक र १९ ओटा निजी विद्यालय रहेको बताउँदै शिक्षक व्यवस्थापनको लागि गाउँपालिकाले ९० प्रतिशत बढी शिक्षक अनुदान दिएको जानकारी दिनु भयो ।

स्वास्थ्य शाखा प्रमुख लक्षमण राज शाहीले संविधानमा व्यवस्था गरेको आधारभुत सेवा नि:शुल्क दिएको बताउँदै गाउँपालिकाको सबै वडामा स्वास्थ्य संस्था रहेको जानकारी दिनु भयो । उहाँले गाउँपालिकाले स्वाथ्य सेवा ऐन ०७७ लागु गरेको र गाउँपालिकामा ५४ जना स्वास्थ्यकर्मीहरू परिचलन गरिएको बताउनु भयो । उहाँले गाउँपालिकामा चार ओटा बर्थिङ सेन्टर रहेको र सबै गर्भवति र सुल्केरीलाई नि:शुल्क रूपमा चेकजाँच गरिने बताउनु भयो । अनुगमनका क्रममा वैजनाथ गाउँपालिकास्तरीय मानव अधिकार रक्षक सञ्जालले विद्यालयहरूको अनुगमन गर्न माग गर्दै शिक्षा शाखा प्रमुखलाई ध्यानाकर्षणपत्र समेत बुझाएको थियो ।

अनुगमन टोलीमा राष्ट्रिय मानव अधिकार आयोग नेपालगञ्जकी अधिकृत द्वारिका अधिकारी, इन्सेक लुम्बिनी प्रदेश कार्यालयकी कार्यक्रम अधिकृत सरस्वती मल्ल, एडभोकेसी फोरमका संयोजक बसन्त गौतम, इन्सेक बाँके प्रतिनिधि स्मृति देवकोटा, इन्सेक जिल्ला सहजकर्ता लक्ष्मी थारु र वैजनाथ गाउँपालिकास्तरीय मानव अधिकार रक्षक सञ्जालकी अध्यक्ष लक्ष्मी सुनार रहनु भएको थियो ।

# लुम्बिनी प्रदेशमा नेपाल मानव अधिकार वर्ष पुस्तक सम्पादन भेला सम्पन्न

बाँके, मानव अधिकार वर्ष पुस्तक २०२२ का लागि लुम्बिनी प्रदेशमा सङ्कलन गरिएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको सम्पादन भेला पुस १६ गते नेपालगन्जमा सम्पन्न गरिएको छ। इन्सेक लुम्बिनी प्रदेश कार्यालय नेपालगन्जको आयोजनामा प्रदेशभित्रका सबै जिल्लामा अभिलेखिकरण गरिएका मानव अधिकार उल्लङघन तथा ज्यादतीका घटनाहरूको विवरण सहित सम्पादन गर्नको लागि पुस १५ र १६ गते वार्षिक सम्पादन भेला गरिएको इन्सेक लुम्बिनी प्रदेश कार्यालय नेपालगन्जका प्रमुख भोला महतले बताउनु भयो।

कार्यक्रममा बोल्दै नेपाल मानव अधिकार वर्ष पुस्तकका सम्पादक गोविन्द त्रिपाठीले जिल्ला प्रतिनिधिहरुलाई सङ्कलित विवरणमा छुटेका र पुष्टि गर्नुपर्ने घटनाको विस्तृत विवरण तयार गर्न सुझाव दिनुभएको थियो । इन्सेक अनलाइन सम्पादक रमेशप्रसाद तिमल्सिनाले नेपाल मानव अधिकार वर्ष पुस्तकलाई उपयोगी बनाउन सम्पादन भेलाले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । सम्पादन भेलामा उपस्थित जिल्ला प्रतिनिधिहरुले जिल्लाको मानव अधिकार अवस्थाका बारेमा जानकारी गराएका थिए । सन् २०२१ मा लुम्बिनी प्रदेशमा १ हजार ६ सयभन्दा बढी घटना अभिलेख गरिएको जिल्ला प्रतनिधिहिरूले जनाएका छन्।

## कर्णाली प्रदेश

# सार्वजनिक सरोकारको विषयमा प्रदेश सरकारविरुद्ध उच्च अदालतमा रिट दायर

सुर्खेत, संविधानको समावेशी सिद्धान्त विपरीत मन्त्रिपरिषद् विस्तार गरिएको भन्दै कर्णाली प्रदेश सरकारविरुद्ध उच्च अदालत सुर्खेतमा माघ २५ गते रिट दायर भएको छ । इन्सेक कर्णाली प्रदेश कार्यालयको तर्फबाट टीका विष्ट र अधिवक्ता शेरबहादुर खत्रीले रिट दायर गर्नुभएको हो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुर्खेत र कर्णाली प्रदेश प्रमुखको कार्यालय समेतलाई विपक्षी बनाएर रिट दायर गरिएको हो।

रिटमा प्रदेश प्रमुखको कार्यालयले गरेको निर्णय बदर गर्न, नवनियुक्त पाँच मन्त्रीहरूलाई कामकाज गर्न नदिन, समावेशी सिद्धान्तका आधारमा महिला र दलितको प्रतिनिधित्व हुने गरी पुनः मन्त्रिपरिषद्को गठन तथा विस्तार गर्न माग गरिएको छ। संविधानको धारा १६८ (९) मा समावेशी सिद्धान्तका आधारमा प्रदेश सभामा रहेका सदस्य सङ्ख्याको २० प्रतिशतभन्दा बढी नहुनेगरी मन्त्रिपरिषद् गठन गर्नुपर्ने व्यवस्था छ।

तर, गएको ०७८ माघ २३ गते मुख्यमन्त्री जीवनबहादुर शाहीले हिमबहादुर शाही, यज्ञबहादुर विसी, पदमबहादुर रोकाया, गणेश प्रसाद सिंह र छिरीङ डम्डुल लामालाई मन्त्रिमा नियुक्त गरी मन्त्रिपरिषद्लाई पूर्णता दिएका थिए।

यसअघि पनि मुख्यमन्त्री शाहीले विन्दमान विष्ट र चन्द्रबहादुर शाहीलाई मन्त्रीमा नियुक्ति दिएका थिए।

# नगरस्तरिय मानव अधिकार रक्षक सञ्जाल गठन

इन्सेक कर्णाली प्रदेश कार्यालय सुर्खेतको आयोजनामा माघ ११ गते वीरेन्द्रनगर नगरपालिका स्तरिय मानव अधिकार रक्षक सञ्जाल गठन गरिएको छ । नगरपालिकाका १६ वटा वडालाई दुई भागमा विभाजन गरेर वडा नम्बर १, २, ३ र १५ वडाबाट प्रतिनिधित्व हुनेगरी सुनिलकाजी गौतमको संयोजकत्वमा नौ सदस्यीय सञ्जाल गठन गरिएको मानव अधिकार रक्षक संरक्षण सवाल सम्बोधन कार्यक्रमका संयोजक किरण पौडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार सहसंयोजक सत्य भट्टराई र सदस्यमा सम्झना सुनार, दिर्घराज छन्तेल, मिना बोहोरा, सत्य भट्टराई, जमुना राजी, सुक्मा नेपाली, रोशनी विश्वकर्मा, सुश्मा विश्वकर्मा रहनुभएको छ। त्यस्तै, वडा नम्बर ४, ५, ६, ८, र ११ समेटेर भिमबहादुर परियारको संयोजकत्वमा ७ सदस्यीय सञ्जाल गठन गरिएको छ । जसको सहसंयोजकमा मालती विक, रत्ना विक, सञ्जुमाया चौधरी, टिका सुनार, भिमबहादुर परियार, विपना विश्वकर्मा,




अनिता बसेल लगाएत सदस्य रहनुभएको छ ।

छुटेका वडालाई समेटेर दुइवटा सञ्जालमा थप गरिने र सञ्जालको सशक्तिकरण गरिनुका साथै मानव अधिकार सुरक्षित गर्नका लागि सहयोग पुग्ने संयोजक पौडेलले जानकारी दिनुभयो । इन्सेक प्रदेश कार्यालयका फोकल पर्सन दुर्गा थापाले कार्यक्रमको सहजिकरण गर्दै मानव अधिकार र दलित तथा महिलाहरूको क्षेत्रमा अधिकार स्थापित गराउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

सञ्जालको कर्णाली प्रदेश संयोजक पिताम्बर ढकालले मानव अधिकारबाट विमुख भएका व्यक्तिहरूलाई अधिकार रक्षा गर्न त्यस्ता व्यक्तिहरूको सञ्जाल गठन गरिएको बताउनुभयो । विशेषगरी महिला र बालबालिकाको क्षेत्रमा मानव अधिकार हनन्का घटना भइरहेकाले अधिकार संरक्षणका लागि सञ्जाल लाग्नुपर्ने बताउनुभयो । कार्यक्रममा मानव अधिकार रक्षक सञ्जाल सुर्खेतको संयोजक शर्मिला विसी लगायत अधिकारकर्मीको सहभागिता रहेको थियो ।

# शान्ति तथा पुनर्स्थापना केन्द्र स्थापना गर्न बनेको विधेयकमाथि समीक्षा सम्पन्न



शान्ति तथापुनर्स्थापना केन्द्र स्थापना गर्न बनेको विधेयकमाथि समीक्षा कार्यक्रम पुस २८ गते सुर्खेतमा सम्पन्न भएको छ । इन्सेक कर्णाली प्रदेश कार्यालय सुर्खेतले आयोजना गरेको कार्यक्रममा कर्णाली प्रदेश सरकारले निर्माण गर्न लागेको विधेयकलाई द्वन्द्व पीडित मैत्री बनाइनुपर्ने कार्यक्रमका सहभागिले जोड दिएका छन् ।

नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशका अध्यक्ष देवीराम देवकोटाले विधेयक निर्माण गर्दा सरोकारवाला पक्षससँग सुझाव लिएर मात्रै ड्राफ्ट तयार गर्नूपर्ने बताउनुभयो । उहाँले पत्रकार कै विधेयक निर्माण गर्दा पत्रकारसँग कुनै छलफल, समन्वय नै नगरी संसदमा दर्ता भएको भन्दै पत्रकार आन्दोलित हुनुपरेको गुनासो गर्नुभयो ।

त्यस्तै, मध्यपश्चिम विश्वविद्यालय कानून संकायका निर्देशक उपेन्द्र विकले विधेयकका नाममा भएको व्यवस्था पनि कमजोर बनाइन नहुने धारणा राख्नुभयो । द्वन्द्वपीडित शान्ती ढकालले पीडितका बालबालिकालाई पढ्ने उमेर हद लगाउन नहुने सुझाव राख्नुभयो। त्यस्तै, सिमान्तकृत महिलाहरूका लागि महिला संस्था (वाम) को कार्यकारी निर्देशक मधुरानी ढकालले अहिले पनि गाउँमा द्वन्द्वपीडितहरूमा वितृष्णा रहेको भन्दै मानव अधिकार जस्ता क्षेत्रमा सचेतनाका कार्यक्रम गर्नुपर्ने उल्लेख गर्नुभयो ।

द्वन्द्वपीडित साझा चौतारीका प्रदेश अध्यक्ष शितलसिंह राठोरले द्वन्द्वपीडित मैत्री कानुन निर्माण गर्न सुझाव दिनुभयो । त्यस्तै, द्वन्द्वपीडितको पहिचानका लागि परीचय पत्रको व्यवस्था गर्नुपर्ने उल्लेख गर्नुभयो । मध्यपश्चिम विश्वविद्यालयका उपप्राध्यापक ललितजंग शाहीले विधेयक कार्यान्वयनका लागि स्थानीय तहसँग समन्वय गरी आवश्यक संरचना बनाएर जान सुझाव दिनुभयो ।

कर्णाली प्रदेशसभाका सभामुख राजबहादुर शाहीले कानुन निर्माण गर्ने क्रममा कर्णालीमा प्रदेशसभाले सम्बन्धित सरोकारवाला निकायसँग छलफल गर्ने गरेको बताउनु भयो । कार्यान्वयनको पक्षलाई हेरेर कानून निर्माण गर्नुपर्ने भएकाले कोही कसैले सोचे अनुसार कानुन निर्माण हुन नसक्ने स्पष्ट पार्नभयो । यस विधेयकलाई विधायन समितिमा पठाएर व्यापक छलफल गराउने र सरोकारवालाको सुझाव लिन सकिने सभामुख शाहीको भनाइ छ । कर्णाली प्रदेशमा बन्ने कानून समय सापेक्ष बनाउने विश्वास दिलाउँदै उहाँले कतिपय कानूनहरू निर्माणकै क्रममा रहेको र लामो समय प्रदेशसभा चल्न नसक्दा रोकिएको जानकारी गराउनुभयो ।

प्रदेश सभा सदस्य सीता नेपालीले सरोकारवालासँग छलफल नै नगरी अगाडी बढाउँदा कतिपय विधेयकहरु छुटेको हुनसक्ने गुनासो पनि आयो, प्रक्रियागत रूपमा विधेयक निर्माण हुने धारणा राख्नुभयो । संसदमा दर्ता भएका विधेयक पनि कतिपय ७२ घण्टाभित्र परिमार्जनको समय हुदाँ त्यत्तिबेला पनि संशोधन गर्न सकिने नेपालीले भनाइ राख्नुभयो ।

इन्सेक कर्णाली प्रदेश कार्यालयका संयोजक नाराण सुवेदीले सरोकारवालासँग छलफल चलाएर विधेयकलाई पूर्णता दिए अझै प्रभावकारी हुने बताउनुभयो । कार्यक्रममा शान्ति तथा पुनर्स्थापना केन्द्र स्थापना गर्न बनेको विधेयकलाई मानव अधिकार मैत्री बनाउने सन्दर्भमा मानव अधिकार रक्षक सञ्जालका कर्णाली प्रदेश संयोजक पिताम्बर ढकालले प्रस्तुती गर्नुभएको थियो । द्वन्द्व पीडितहरूका अगुवा, पीडित, पत्रकार लगायत संघ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकारका सवालमा अन्तरक्रिया सम्पन्न

शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकारका सवालमा प्रदेश सरकार र व्यवस्थापिकाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम पुस २८ गते सुर्खेतमा सम्पन्न भएको छ । कार्यक्रममा कर्णाली प्रदेशसभा सामाजिक विकास समिति अध्यक्ष देवी ओलीले लक्षित वर्गको आधाभूत आवश्यकता पूर्तिका लागि सरकारलाई निर्देशन दिने प्रतिवद्धता गर्दै समितिले सरकारलाई जनपक्षिय बनाउन लागि परेको बताउनुभयो । स्वास्थ्यसँग सम्बन्धित विधेयक निर्माणको चरणमा रहेको जानकारी गराउँदै कतिपय कर्णालीका जिल्लामा घर निर्माण गरेको भए पनि सेवाग्राहिहरू घरमा नबस्ने गरेको बताउनुभयो । बेला बेलामा यस्ता छलफल र अन्तरक्रिया नभए सरोकार राख्ने निकायसम्म पुग्न नसक्ने भन्दै कार्यक्रमका सहभागिले उठाएका सवाललाई सम्बन्धित मन्त्री र सचिवलाई राखेर छलफल गरी निर्देशन दिने पनि ओलीले प्रतिवद्धता जनाउनुभयो ।

यस्तै कर्णाली प्रदेशसभा सदस्य एवं नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक ठम्मर विष्टले जनताको गास, वास र कपास नपाएको अवस्थामा संघीय र प्रदेश सरकारको मन्त्रीलाई कठघरामा ल्याउनुपर्ने बताउनुभयो । कार्यक्रममा सहभागिले उठाएका विषयलाई प्रदेशमा बन्ने ऐन, कानूनमा समेट्ने विष्टले प्रतिवद्धता जनाउनुभयो । जिल्ला बार एशोशियसनका कोषाध्यक्ष गिता कोइरालाले मौलिक हक उपभोग गर्ने बातावरण बनाउन सरकारले नसकेको औंल्याउनुभयो ।

गुणस्तरिय सामान उपभोग गर्न पाउने अधिकार लागू हुनुपर्ने भन्दै अहिले पनि कर्णालीमा छोरीहरू पढाईबाट बञ्चित हुनुपरेको भन्दै शिक्षामा समेट्नुपर्ने अधिवक्ता कोइरालाले सुझाव दिनुभयो । गैसस महासंघ केन्द्रिय सदस्य एवं कर्णालीका इन्चार्ज घनश्याम केसीले शिक्षा, स्वास्थ्य, खाद्य जस्ता मौलिक हकमा अझै पनि नसमेटिएको भन्दै हरेक नागरिकलाई समेट्नुपर्ने बताउनुभयो । सरकारले इच्छाएको खण्डमा गैसस महासंघ हातेमालो गरेर अगाडी बढ्न तयार रहेको बताउनुभयो ।

त्यस्तै, कार्यक्रममा राष्ट्रिय भुमि अधिकार मञ्च कर्णाली प्रदेशको अध्यक्ष राजेन्द्र शर्माले भूमिहिनहरूलाई जनप्रतिनिधिहरुले पूर्जा दिने भने पनि स्पस्ट कानून नहुँदा कुन कानूनमा टेकेर पूर्जा दिने अन्योल भएको बताउनुभयो । जिल्ला हलिया मुक्त समाज सुर्खेतको अध्यक्ष यामराज मल्लले पुनर्स्थापनाको नाममा सरकारले आँखा छारो हाल्ने बाहेक कुनै काम नगरेको गुनासो गर्नुभयो । सरकारले पुनर्स्थापनाका नाममा गरिव, विपन्नको टाउकोमा ऋृण थोपरेको आरोप लगानुभयो



। प्रदेश सरकारले वार्षिक रूपमा बजेट विनियोजन गर्ने गरेको भएपनि कार्यान्वयन नहुदाँ लक्षित वर्ग बञ्चित भएको उहाँको भनाई छ ।

सुर्खेतको वीरेन्द्रनगर स्थित बाढीपीडित मैसरा गुरुङ्ग पाल टागेर बसेको पालबाट सित चुहिन्छ, बस्न नसकिने अवस्था भएको गुनासो पोख्नुभयो । वडा, नगर र प्रदेश सरकारसंग समक्ष पटक पटक घच्घच्याएपनि आलटाल गरेर टार्ने गरेको गुनासो गर्नुभयो । जनताले नै नेता बनाएर कुर्सीमा पठाएको भएप्नि अहिले जनतालाई फर्केर नहेरेको गुनासो गर्दै आफुहरुलाई सरकारले घरवासको व्यवस्था गरिदिनुपर्ने उहाँको भनाइ छ ।

अन्तरक्रियामा इन्सेक कर्णाली प्रदेश कार्यालयका फोकल पर्सन एवं इएलपी कार्यक्रम संयोजक दुर्गा थापाले कार्यक्रम सञ्चालित जिल्लाको शिक्षा, खाद्य, स्वास्थ्य र आवासमा देखिएका समस्याका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा सुर्खेतको वीरेन्द्रनगर र लेकबेशी नगरपालिका, दैलेखको नारायण नगरपालिका र डुंङ्गेश्वर गाउँपालिका, कालिकोटको खाँडाचक्र नगरपालिका र शुभकालिका, सल्यानको शारदा र वनगाड कुभिण्डे नगरपालिका र जाजरकोटको छेडागाड नगरपालिका र शिवालय गाउँपालिकामा सञ्चालित रहेका छन् । इन्सेक कर्णाली प्रदेश कार्यालय संयोजक नारायण सुवेदीले स्थानीय तहमा रहेका महिला, सिमान्तकृत, बालबालिका र लक्षित वर्गका समस्याहरुका बारेमा समय समयमा छलफल गर्ने र भएका, देखिएका समस्यामा कसरी कमी ल्याउन सकिन्छ भनेर यस्ता कार्यक्रम गर्दै आएको बताउनुभयो ।

स्थानीय समुदायलाई राष्ट्रिय र अर्न्तराष्ट्रिय ऐन कानूनहरूमा के कस्तो, व्यवस्था गरिएको छ, त्यसबारे जानकारी दिदै नागरिकको हक र अधिकार प्राप्तिका लागि सरोकारवाला निकायलाई जवाफदेही बनाउने अपेक्षा गर्नुभयो । कार्यक्रममा बाढीपीडित, भूमिहिन, सुकुम्वासी जस्ता क्षेत्रका प्रतिनिधि, पत्रकार लगाएतको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन जिल्ला सहजकर्ता विन्दुलाल रेग्मीले गर्नुभएको थियो भने, इन्सेक कर्णाली प्रदेश कार्यालयका संयोजक सुवेदीको अध्यक्षतामा भएको थियो ।

# वार्षिक सम्पादन भेला सम्पन्न




नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ का लागि कर्णाली प्रदेशमा सङ्कलन गरिएका मानव अधिकार तथा ज्यादतीका घटनाहरूको सम्पादन भेला पुस १९ गते सुर्खेतमा सम्पन्न भएको छ । इन्सेक कर्णाली प्रदेश कार्यालयको आयोजनामा प्रदेशका दशओटै जिल्लाका प्रतिनिधिहरूले अभिलेखिकरण गरेका घटनाहरूको विवरणसहित सम्पादनका लागि पुस १८ र १९ गते वार्षिक सम्पादन भेला आयोजना गरिएको इन्सेक कर्णाली प्रदेश कार्यालयका संयोजक नारायण सुवेदीले बताउनुभयो ।

मानव अधिकार वर्ष पुस्तकका सम्पादक गोविन्द त्रिपाठी र इन्सेक अनलाइन सम्पादक रमेश प्रसाद तिमल्सिनाले जिल्ला प्रतिनिधिहरूले अभिलेख गरेका घटनामा छुटेका तथ्याङ्क र पुष्टि गर्नुपर्ने घटनाको आवश्यक विवरणका लागि सल्लाह, सुझाव दिनुभयो थियो । उहाँहरूले वर्ष पुस्तक प्रकाशनले नीति संशोधन गर्न र न्याय नपाएकाहरूलाई न्याय प्राप्तिको सारथी बन्ने भन्दै सत्य तथ्य घटना सङ्कलन गर्न आग्रह गर्नुभयो । भेलामा उपस्थित जिल्ला प्रतिनिधिहरूले जिल्लामा विगतको तुलनामा अपराधका घटनामा कमी आएको भन्दै मानव अधिकार अवस्थाका बारेमा जानकारी गराएका थिए ।

कर्णाली प्रदेशमा सन् २०२१ मा चार सय ५० बढी घटना अभिलेख गरिएको जिल्ला प्रतिनिधिहरूको भनाइ छ ।

# मानव अधिकार रक्षकको क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न

इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेतको आयोजनामा मानव अधिकार रक्षकहरूको क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम पुस १४ गते वीरेन्द्रनगरमा सम्पन्न भएको छ । जिल्ला स्तरीय मानव अधिकार रक्षक सञ्जाल, सुर्खेतमा आवद्ध मानव अधिकार रक्षक सहभागि भएको कार्यक्रममा इन्सेकका प्रदेश संयोजक नारायण सुवेदीले मानव अधिकार, मानव अधिकार रक्षकको परिभाषा, रक्षकका काम, मानव अधिकार रक्षक सम्बन्धी घोषणा पत्र र मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण गर्ने सम्बन्धमा नेपाल सरकारको गृह मन्त्रालयले गरेको आदेश सम्बन्धमा सहजीकरण गर्नु भएको थियो ।



मानव अधिकार रक्षक सञ्जाल सुर्खेतका संयोजक सर्मिला विसीको अध्यक्षतामा सञ्चालित कार्यक्रममा सहभागिहरूले मानव अधिकार रक्षकहरूको विवरण सङ्कलन गरिनु पर्ने, स्थानीय तहमा पनि मानव अधिकार रक्षक सञ्जाल गठन गरिनुपर्ने सुझाव दिनु भएको थियो । कार्यक्रममा गैसस महासङ्घका केन्द्रिय सदस्य तथा प्रदेश इन्चार्ज घनश्याम केसीले सरकारसँग हातेमालो गरी सामाजिक संघ संस्थाहरूले कार्यक्रम गर्न तयार रहेको बताउनु भयो ।

नेपाल पत्रकार महासङ्घका केन्द्रिय सदस्य दिपेन्द्र शर्माले मानव अधिकार रक्षकको आचारसंहिता बनाउनु पर्ने बताउँदै रक्षककाबीचमा पर्याप्त कानूनी तथा आवश्यक विषयमा छलफल चलाउनु पर्ने सुझाव दिनु भयो । नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष श्रीधर पौड्यालले विकास र मानव अधिकारका सवालमा अधिकारकर्मीले आवाज उठाउनु पर्ने बताउँदै समय परिस्थिति अनुसार इन्सेकले मानव अधिकारका सवाललाई उठाउनु पर्नेमा जोड दिनुभयो ।

संचारिका समूह कर्णाली प्रदेशका अध्यक्ष सिता ओलीले मानव अधिकार रक्षकमा पनि महिला मानव अधिकार रक्षक थप जोखिममा परेको बताउनुभयो । अन्य अधिकारकर्मीको तुलनामा यौनिक अल्पसङ्ख्यक बढी जोखिममा परेकाले यस तर्फ सबैको ध्यान जरूरी भएको निलहिरा समाजका अन्जली विसीले सुझाव दिनुभयो । सञ्जालका संयोजक विसीले अधिकारकर्मीले काम गर्ने दौरानमा सन्तुलनमा रहेर काम गर्न नसक्दा जोखिम भोग्नु परेको बताउँदै रक्षकले गर्नुपर्ने काम कर्तव्य र अधिकारका विषयमा सबै मानव अधिकार रक्षक स्पष्ट हुनुपर्ने सुझाव बताउनुभयो ।

# जनचाहना अनुरूप कानुन बनाइनु पर्छ–मुख्यमन्त्री शाही

सुर्खेत, कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री जीवनबहादुर शाहीले सरकारले जनताको भावना र आवश्यकता अनुसारको कानुन निर्माण गरिनुपर्ने बताउनुभएको छ । इन्सेक कर्णाली प्रदेशद्वारा पुस ८ गते सुर्खेतको वीरेन्द्रनगरमा आयोजित कानुन निर्माण प्रक्रियामा नागरिक समाजको भूमिका विषयक परामर्श कार्यक्रममा मुख्यमन्त्री शाहिले कर्णाली सरकार र संसदले विभिन्न जिल्लाका जनता र विज्ञहरूको राय सल्लाहमा कानुन बनाइरहेको दाबि गर्नुभयो ।

'कानुन निर्माणमा नागरिक समाजको भूमिका महत्वपूर्ण हुन्छ, आगामि दिनमा थप सहभागिता बनाउनेगरी काम गर्छौं' उहाँले भन्नुभयो । आवश्यकतामा आधारित रहेर बनाइएको कानुन कार्यान्वयन गर्न सहज हुने भन्दै उहाँले अपनत्वका लागि पनि नागरिक सहभागिता अपरिहार्य भएको धारणा राख्नुभयो ।

कार्यक्रममा नागरिक समाजका व्यक्तिहरूले कानुनको खाका बनाउने चरणमा नै नागरिक सहभागिता बनाउनुपर्नेमा कतिपय कानुन पास भइसक्दासमेत सरोकारवालालाई जानकारी नभएको गुनासो गरेका थिए । मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशका संयोजक पिताम्बर ढकालले कर्णालीमा नागरिक समाजको सुझाव, नागरिक सहभागिता बिना कानुन बनिरहेको भन्दै यसलाई सच्याउन आग्रह गर्नुभयो ।

यस्तै कर्णाली प्रदेश सभा विद्यायन समितिका अध्यक्ष दानसिंह परियारले कानुन निर्माण गर्दा विगतमा पनि नागरिकहरूलाई सहभागिता गराइएको र आगामि दिनमा थप सहभागितालाई थप महत्व दिइने बताउनुभयो । कानुन बनाउँदा संविधान र संघीय कानुनसँग नबाझिने गरी बनाउनु

पर्ने हुँदा चाहे अनुसार कानुन बनाउन नसकेको अध्यक्ष परियारको भनाइ छ ।

कर्णाली प्रदेश सभा सदस्य मिनासिंह रखालले बनेका कानुनहरू प्रभावकारी कार्यान्वयन नभएको भन्दै नागरिक समाजले कानुन कार्यान्वयनमा पनि भूमिका खेल्न सुझाव दिनुभयो । यसैगरी कर्णाली प्रदेशका मुख्य न्यायधिवक्ता ध्रुवकुमार श्रेष्ठले नागरिकको सहभागिता बिना ल्याइएका कानुन कार्यान्वयन हुन नसक्ने भएकाले कानुन निर्माणमा सम्बन्धित क्षेत्रका नागरिकलाई बढी सहभागी गराउनुपर्ने बताउनुभयो ।

इन्सेकका निर्देशक श्रीराम बजगाईले कानुन कार्यान्वयन र निर्माण प्रक्रियामा नागरिक समाज तथा सरोकारवालाहरूको सहभागितालाई तीन तहकै कानुन निर्माणको प्रक्रियामार्फत व्यवस्थित गर्नुपर्ने सुझाव दिनुभयो । जिल्ला बार एसोसियशन सुर्खेतका कोषाध्यक्ष गीता कोइरालाले कानुन निर्माण गर्ने चरणमा महिला सहभागिता न्यून रहेको बताउनुभयो ।

# सुदूरपश्चिम प्रदेश

## शिक्षा र स्वास्थ्यको अधिकारसम्बन्धी अन्तरक्रिया सम्पन्न




अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी र गौरीगंगा नगरपालिका स्तरीय मानव अधिकार समुहको संयुक्त आयोजनामा शिक्षा र स्वास्थ्यको अधिकारसम्बन्धी अन्तक्रिया कार्यक्रम पुस २८ गते चौमालामा सम्पन्न भएको छ । गौरीगंगा नगरपालिका-४ का वडा अध्यक्ष भागरती विष्टले आफू निर्वाचित भएर आएपछि शिक्षामा सुधार ल्याउन विद्यालयमा खानेपानीको व्यवस्था,१० कक्षासम्म नि:शुल्क गुणस्तरीय शिक्षा, विद्यालयमा अपाङ्गमैत्री भौतिक संरचना निर्माण र प्राविधीक शिक्षामा जोड दिएको र वडा कार्यालयको सिफारिसमा गरिब असहाय, अपाङ्गता भएका व्यक्तिलाई सरकारी अस्पतालमा १० हजार रुपियाँसम्म नि:शुल्क उपचार गर्ने व्यवस्था गरेको बताउनु भयो ।

गौरीगंगा नगरपालिका-४ का स्वास्थ्य इकाइका प्रमुख प्रदिप ढकालले टोलटोलमा खटिएका महिला स्वास्थ्य स्वयमसेविकाहरुले बच्चाहरुको पोषण, खोप, औषधि तथा बर्थिङ् सेन्टरको अवस्थाका बारेमा नगरपालिकालाई जानकारी गराउनु पर्ने बताउनु भयो । सिद्धबाबा आधारभुत विद्यालयका शिक्षक रामप्रसाद चौधरीले शिक्षा र स्वास्थ्य नागरिकको मौलिक अधिकार भएपनि बालमैत्री सिकाई हुन नसक्दा शिक्षाको गुणस्तर खस्केको र नगरपालिकाले अभिभावकहरुलाई मनोसामाजिक परामर्श तालिमको व्यवस्था गर्नु पर्ने बताउनु भयो । जनता आधारभूत विद्यालयका शिक्षक भवानीप्रसाद भुसालले समुदायमा अपाङ्गता भएका तथा आँखा नदेख्ने, कान नसुन्ने विद्यार्थीका लागि स्थानीय सरकारले प्रत्येक विद्यालयमा तालिम प्राप्त शिक्षक र शिक्षण सामग्रीको व्यवस्था गर्नु पर्ने बताउनु भयो ।

## वार्षिक सम्पादन भेला सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीद्वारा पुस २१ गते २२ गते आयोजना गरिएको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ को वार्षिक सम्पादन भेला धनगढीमा सम्पन्न भएको छ । सन् २०२१ जनवरीदेखि सन् २०२१ डिसिम्बरसम्म सुदूरपश्चिम प्रदेशमा सङ्कलन गरेका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरुको सम्पादन गर्न पुस २१ गतेदेखि वार्षिक सम्पादन भेलाको आयोजना गरिएको थियो ।

अनौपचाारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश संयोजक खडकराज जोशीले इन्सेकद्वारा प्रकाशित गरिदै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक अन्तर्राष्ट्रिय स्तरमा समेत स्थापित पुस्तक भएकोले वर्ष पुस्तकमा प्रकाशन गरिने मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरुको अर्धवाषिक तथा वार्षिक रुपमा सम्पादन गरिदै आइएको बताउनु

भयो । उहाँले वर्ष पुस्तकमा समावेश गरिने घटनाहरु जिल्ला प्रतिनिधिहरुले नै सङ्कलन गर्ने भएकोले जिल्ला प्रतिनिधिहरुले सूचनाको विश्वासनियतामा ध्यान दिनु पर्ने, इमान्दारीपूर्वक समयमै सूचनाहरु सङ्कलन गर्न र सूचनाहरुको पुनपुर्ष्टि गर्न आग्रह गर्नु भयो ।

इन्सेक अनलाइनका सम्पादक रमेश तिमिल्सिनाले अभिलेखिकरण गरिएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरुको अन्तिम सम्पादन तथा पुनर्पुष्टि गर्नका लागि वार्षिक सम्पादन भेलाको आयोजना गरिएको र सन् २०२१ जनवरीदेखि डिसिम्बरसम्म सुदूरपश्चिम प्रदेशमा सङ्कलन गरिएका सम्पूर्ण घटनाहरुको सम्पादन कार्य सम्पन्न भएको बताउनु भयो ।

नेपाल मानव अधिकार वर्ष पुस्तक सम्पादक गोविन्द त्रिपाठीले सम्पादन गरिएका घटनामा आवश्यक थप सूचनाहरु समयमै जिल्ला प्रतिनिधिहरुले अद्यावधिक गरेर पठाउनु पर्ने बताउनु भयो । इन्सेक सुदूरपश्चिम प्रदेशका प्रलेख अधिकृत कृष्णबहादुर विश्वकर्माले नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ मा समावेश गरिने घटनाहरुको सम्पादन कार्य सम्पन्न भएको भएपनि सम्पादित केही घटना विवरणहरुमा थप सूचना अद्यावधिक गर्नु पर्ने भएकोले इन्सेक जिल्ला प्रतिनिधिहरु आ-आफ्नो जिल्ला पुगिसकेपछि अद्यावधिक गरेर पठाउन अनुरोध गर्नु भयो । वार्षिक सम्पादन भेलामा सुदूरपश्चिम प्रदेशमा कार्यरत इन्सेक जिल्ला प्रतिनिधि , केन्द्रीय कार्यालय र प्रदेश कार्यालयका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# मानव अधिकारको अवस्था तथा न्याय सम्पादनमा सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया सम्पन्न

सिशु र डिसिएको आर्थिक सहयोगमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको आयोजना तथा जिल्ला अदालत बार एशोसिएशनको समन्वयमा पेरिस सिद्धान्त मानव अधिकारको अवस्था तथा न्याय सम्पादनमा सरोकारवालाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम पुसर १६ गते धनगढीमा सम्पन्न भएको छ ।




कैलाली जिल्ला अदालतका मुख्य न्यायधीश जयानन्द पनेरुले अदालत भित्र देखिने मुख्य समस्याको रुपमा देखिने न्यायीक प्रकृयाको विकृती, विसङ्गती तथा बिचौलीयाको विगविगीलाई नियन्त्रण गर्न न्यायकर्मी, नागरिक समाज, मिडियाकर्मीहरुको पनि जिम्मेवारी रहेकोले यसतर्फ सबैले सहयोग गर्नु पर्ने बताउनु भयो ।

न्यायधीश बाबुकाजी बानियाँले अदालतको न्याय सम्पादनमा पीडित र आरोपितको मानव अधिकारको संरक्षण गर्नु पर्ने भएकोले यसका लागि न्यायियक निकाय र सम्बन्धीत सरोकारवाला पक्षहरु इमान्दार र निष्पक्ष हुनु पर्ने बताउनु भयो ।

जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायधीवक्ता राजेन्द्र भण्डारीले प्रहरी र कानुन व्यवसायीहरुले पीडितको न्यायका लागि पीडित मैत्री वातावरण बनाएर मुद्दालाई न्याय प्रकृयामा अगाडी बढाउन आग्रह गर्नु भयो । जिल्ला प्रहरी कार्यालयका डिएसपी रविन्द्र विष्टले सम्बेदनशिल घटनाका पीडितको गोपनियता कायम गर्नु पर्ने हुनाले सबै सूचना दिन नमिल्ने बताउनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोगका प्रमुख मोहनदेव जोशीले राष्ट्रिय मानव अधिकार आयोग संवैधानिक कानुनी मान्यता प्राप्त निकाय भएको भएपनि राष्ट्रिय मानव अधिकार आयोगले सिफारिस गरेका घटनामा पनि कारवाही हुन नसक्नु राज्यको कमजोरी रहेको बताउनु भयो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेशका संयोजक खडकराज जोशीले मानव अधिकार सरक्षणका लागि न्यायीक निकायलाई पीडित मैत्री बनाई सहज रुपमा उजुरी दिने वातावरण बनाइनु पर्ने बताउनु भयो । गैर सरकारी संस्था महासंघ सुदूरपश्चिम प्रदेशका संयोजक देवी खनालले कोभिड-१९ महामकारीमा नागरिकहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उल्लङ्घन हुन गएकोले यसतर्फ राज्यको ध्यान जान आवश्यक रहेको बताउनु भयो ।

अधिवक्ता जोहारीलाल चौधरीले पीडितले न्याय नपाउनु, पाए पनि ढिला न्याय पाउनु तथा मुद्दा होस्टाइल हुनमा सरकारी वकिल र फितलो प्रहरी अनुसन्धानले गर्दा पीडितलाई थप पीडा हुने गरेको बताउनु भयो । इन्सेक कार्यसमिति सदस्य चित्रा पनेरुले कानुन व्यवसायीहरुले पीडितको पक्षमा न्याय सम्पादन गरी पीडितलाई मानव अधिकारको अनुभूती गराउन सक्नु पर्ने बताउनु भयो । वरिष्ठ अधिवक्ता राजेन्द्रबहादुर साउदेले पेरिस सिद्धान्त मानव अधिकारको अवस्था तथा न्याय सम्पादनमा सरोकारवालाको भुमिका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

# मानव अधिकार रक्षकसम्बन्धी नमुना विधेयकमा छलफल सम्पन्न

सिशु र डिसिएको आर्थिक सहयोगमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको आयोजना तथासुदूरपश्चिम प्रदेश मुख्य न्यायधीवक्ताको कार्यालयको समन्वयमा मानव अधिकार रक्षकसम्बन्धी नमुना विधेयकमा पुस १५ गते धनगढीमा छलफल सम्पन्न भएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश संयोजक खडकराज जोशीले अग्रपङ्क्तिमा रहेर काम गर्ने मानव अधिकार रक्षकहरुको सुरक्षाको लागि इन्सेकले मानव अधिकार रक्षकसम्बन्धी तयार गरिएको नमुना विधेयकमा सल्लाह सुझाव सङ्कलन गर्नका लागि छलफल कार्यक्रमको आयोजना गरेको बताउनु भयो ।

मुख्य न्यायधीवक्ता तथा सुदूरपश्चिम प्रदेश कानुन मस्यौदा समितिका संयोजक कुलानन्द उपाध्यायले मानव अधिकार रक्षकसम्बन्धी नमुना विधेयक ड्राफ्टमा सहजीकरण गर्दै मानव अधिकार रक्षकहरुको सुरक्षा गर्ने राज्यको दायित्व भएकाले यो कानुन बनाउन जरुरी रहेको बताउनु भयो ।

अधिवक्ता गम्भिरसिंह ऐरले मानव अधिकार रक्षक परिषदका पदाधिकारीहरुको हकमा फौजदारी कसुर ठहर भई नैतिक पतन भएको खण्डमा पदबाट स्वत: निलम्बन हुने व्यवस्था हुनु पर्ने सुझाव दिनु भयो। अधिवक्ता निलप्रसाद तिवारीले देवानी र फौजदारी संहितासँग नबाझिने गरी मानव अधिकार रक्षकसम्बन्धी नमुना विधेयक कानुन बनाउनु पर्ने सुझाव दिनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोगका प्रमुख मोहनदेव जोशीले मानव अधिकार रक्षकसम्बन्धी नमुना विधेयकको परिच्छेद पाँचमा मानव अधिकार रक्षकहरुको सेवा र सुरक्षा सम्बन्धमा तथ्य विवरण सङ्कलन गरेर थप गर्नु पर्ने सुझाव दिनु भयो ।

सामाजिक विकास मन्त्रालयका प्रतिनिधी दानबहादुर सुनारले मानव अधिकार रक्षकसम्बन्धी नमुना विधेयक विषयगत मन्त्रालयमा जानु पर्ने बताउनु भयो । आन्तरिक मामिला तथा कानुन मन्त्रालयका प्रतिनिधी विष्णुदत्त अवस्थीले मानव अधिकार रक्षक परिषदका पदाधिकारीहरुको हकमा मापदण्ड पुगेको

# महामारी र विपद्मा राष्ट्रिय मानव अधिकार संस्थाहरु तथा नागरिक समाजको भुमिका विषयक अन्तरक्रिया सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी र राष्ट्रिय मानव अधिकार आयोगको संयुक्त आयोजनामा महामारी विपद्मा राष्ट्रिय मानव अधिकार संस्थाहरु तथा नागरिक समाजको भुमिका र चुनौती विषयक अन्तरक्रिया पुस ८ गते धनगढीमा सम्पन्न भएको छ । इन्सेक केन्द्रीय कार्यालय मानव अधिकार वहस तथा पैरवी विभागका प्रमुख सम्झा श्रेष्ठले कानुनी व्यवस्था र कार्यान्वयनको अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगको भुमिकासम्बन्धमा प्रस्तुती गर्नु भएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीका प्रमुख मोहनदेव जोशीले मानव अधिकार प्रर्वद्धन र संरक्षणका लागि राष्ट्रिय मानव अधिकार आयोग विपद्को समयमा पनि पीडितको पक्षमा काम गर्न आएको र पीडितलाई क्षतिपुर्तिको लागि राज्यलाई सिफारिस गर्दै आइरहेको बताउनु भयो । उहाँले मानव अधिकारमैत्री कानुन निर्माण तथा त्यसको कार्यान्वयनको अवस्थाको अनुगमन गरी सरकारलाई सुझाव दिदै आएको बताउनु भयो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालयका संयोजक खडकराज जोशीले महामारी र



विपद्को समयमा पीडित भएकाहरुको न्यायका लागि राष्ट्रिय मानव अधिकार आयोगसँग समन्वय र सहकार्य गरेर राज्यलाई दवाव दिन आवश्यक रहेको बताउनु भयो । जिल्ला अदालत बारका अध्यक्ष सिद्धराज ओझाले विपद् परेको बेलामा राज्य र नागरिक समाजबीच सहकार्य र समन्वय हुन नसक्दा पहुँचको आधारमा राहत वितरण गरिने गरिएकोले एकद्वार प्रणालीमा राहत वितरण गर्नु पर्ने बताउनु भयो ।

रेडक्रस सोसाइटीका माहामन्त्री लोकराज भट्टले राज्यले महामारी तथा विपद्को पुर्वतयारीमा ध्यान नदिएको कारण महामारी र विपद्का समयमा नागरिकहरुले थप पिडा भोग्नु परेको बताउनु भयो । गैर सरकारी संस्था महासंघ सुदूरपश्चिम प्रदेश समितिका अध्यक्ष देवी खनालले महामारी विपद्मा राज्यले पीडित नागरिकलाई राहतको घोषणा गरेर पनि हालसम्म उपलब्ध नगराउँदा पीडित जनताको न्यायका लागि नागरिक समाज एकजुट भई राज्यलाई दवाव दिन आवश्यक रहेको बताउनु भयो ।

एड्जस नेपालकी अध्यक्ष चित्रा पनेरुले सरकारसँग नैतिकता नभएका कारण मानव अधिकार तथा नागरिकका आधारभूत आवश्यकता तथा सुरक्षा हुन नसकेको बताउनु भयो । फ्यान नेपालका सुदूरपश्चिम प्रदेश प्रमुख मुकुन्द रानाले बिकासको नाममा विनाश र राजनीतिक अराजकताका कारण विपद् आउने गरेको र जनताले दुख भोग्नु परेको बताउनु भयो । पत्रकार महासंघ, कैलालीका सचिव प्रेम चौधरीले बेमौसमी वर्षका कारण पीडित भएका किसानहरुको समस्यालाई राज्यले सम्बोधन गर्न नसकेको अवस्थामा नागरिक समाजले समय मै अनुगमन गरी राज्यलाई दबाव दिनु पर्ने बताउनु भयो ।

# कानुन निर्माण गर्दा नागरिक समाजसँग समन्वय गर्न प्रतिवद्ध छौँः मन्त्री जोशी

सुदूरपश्चिम प्रदेश सरकारले कानुन निर्माण गर्दा नागरिक समाजसँग समन्वय गर्न प्रतिवद्ध रहेको आन्तरिक मामिला तथा कानुनमन्त्री पुर्णा जोशीले बताउनु भयो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीद्वारा पुस ७ गते धनगढीमा आयोजना गरिएको कानुन निर्माण प्रक्रियामा नागरिक समाजको भूमिका विषयक परामर्श कार्याक्रममा उहाँले सो प्रतिवद्धता गर्नु भएको हो । उहाँले नागरिक समाजसँग समन्वय गरी आएका सुझावका आधारमा आगामी दिनमा कानुन निर्माण गर्ने र यसले निर्माण भएका कानुनहरु कार्यान्वयनमा समेत सहज हुने बताउनु भयो ।

सुदूरपश्चिम प्रदेश विधायन सभा समिति अध्यक्ष नेपालु चौधरीले कानुन मस्यौदा समितिमा आएका विधेयकहरु ािवषयगत सरोकारवालाहरुसँग छलफल गर्नु पर्ने र पारित भइसकेका कानुन कार्यान्वयनको अवस्थाका बारेमा नागरिक समाजले अनुगमन गरी आवश्यक सल्लाह सुझाव दिनु पर्ने बताउनु भयो । सुदूरपश्चिम प्रदेश सभा सदस्य टेकबहादुर रैकाले जनताको अधिकारलाई सम्बोधन गर्न सक्ने कानुन बनाउन आवश्यक रहेको बताउनु भयो ।

सुदूरपश्चिम प्रदेश सरकारका मुख्य नयाधिवक्ता कुलानन्द उपाध्यायले दक्ष जनशक्तिको अभावमा जनताका आधारभूत अधिकारसँग सम्बन्धीत कानुन निर्माण गर्न नसकिको स्विकार गर्नु भयो । सुदूरपश्चिम प्रदेश सभा सदस्य शान्ति नेपालीले प्रदेश सरकारले निर्माण गरिसकेको कनुनको विस्तृत अध्ययन र समीक्षा गरी कानुन परिमार्जन गर्न आवश्यक रहेको बताउनु भयो ।

धनगढी उपमहानगरपीलका-८ का अध्यक्ष नारायण बरालले स्थानीय तहले ४० / ४५ ओटा कानुन निर्माण गरेको भएपनि सबै क्षेत्रसँग सहकार्य र समन्वय गर्न चुकेकाले नागरिकले आत्मसाथ गर्न नसकेको बताउनु भयो । जिल्ला अदालत बारका अध्यक्ष सिद्धराज ओझाले प्रदेश सरकार र नागरिक संघसंस्थाबीच समन्वयको अभाव र कानुन मस्यौदा समितिको निस्कृयताका कारण प्रदेश सरकारले निर्माण गरेका कानुन प्रभावकारी कार्यान्वयन नभएको बताउनु भयो ।

अधिवक्ता सरजुप्रसाद चौधरीले प्रदेश सरकारले भौगोलिक विकटता र समावेशी सिद्धान्तको आधारमा मस्यौदा तयार गरी नागरिकको अपनत्वबोध हुने गरी कानुन निर्माण गर्दा जनताले आत्मसाथ गर्न सक्ने बताउनु भयो । अधिवक्ता जुहारीलाल चौधरीले प्रदेश सरकारले कानुन निर्माणको प्रक्रियामा जनसोकारवालासँग विषयगत छलफल तथा सुझावहरु लिएर कानुन निर्माण गर्दा प्रभावकारी हुने बताउनु भयो । कार्यक्रममा इन्सेक केन्द्रीय कार्यालय मानव अधिकार वहस तथा पैरवी विभागका प्रमुख सम्झा श्रेष्ठले कानुन निर्माण प्रक्रियामा नागरिक समाजको भूमिकासम्बन्धमा आधार-पत्र प्रस्तुत गर्नु भएको थियो ।

# हिंसा पीडित महिलालाई इन्सेकद्वारा सहयोग प्रदान

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीले पुस ५ गते बर्दगोरिया गाउँपालिका-६ जगतपुरकी घरेलु हिंसा पीडित महिलालाई आर्थिक सहयोग प्रदान गरेको छ । बर्दगोरिया गाउँपलिका-६ वडा कार्यालय र दलित महिला संघ(फेडो)को सिफारिसमा घरेलु हिसां पीडित महिला बर्दगोरिया गाउँपलिका-६ जगतपुरकी ७० वर्षीया कुकुरीदेवी डगौरालाई १० हजार रूपियाँ सहयोग प्रदान गरेको हो ।

इन्सेक सुदूरपश्चिम प्रदेश संयोजक खडकराज जोशीले पीडितलाई आर्थिक अभावका कारण यातायात खर्च समेत जुटाउन नसक्दा पीडितलाई न्याय पाउन समस्या भइरहेकाले पीडित डगौरालाई सामान्य आर्थिक अभावकै कारण न्याय पाउनबाट बन्चित हुन नपरोस् भनेर सहयोग गरिएको बताउनु भयो । पीडित डगौराले बर्दगोरिया गाउँपीलका-६ का ७१ वर्षीय जंगली डगौरासँग २०६० सालमा विवाह गरेपछि पतिले विवाह दर्ता नबनाइदिएर पटकपटक कुटपिट गर्ने , खानलाउन नदिएर घरनिकाला गरेपछिसानो झुपडी बनाएर एक्लै बस्दै आइरहेको भए पनि झुपडीमा समेत ताला लगाएर बस्न नदिएको बताउनु भयो ।

आर्थिक अभावका कारण मुद्दा लड्न नसक्ने अवस्थामा रहेका हिंसा पीडितहरुलाई मानव अधिकार सहायता कक्षमार्फत इन्सेकले सहयोग गर्दै आएको जानकारी पाएपछि पीडित महिलाले पनि इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालयमा निवेदन दिएको र इन्सेकले गरेको सहयोगका कारण पीडितको न्यायमा पहुँच बढाउन सहज हुने दलित महिला संघकी सदस्य बालकुमारी सुनारले बताउनु भयो ।